# सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समिति

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय शैक्षणिक योजना तथा व्यवस्थापन विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

**शोधपत्र**

**शोधकर्ता**

षडराज गड्तौला

क्याम्पस क्रमाङ्क : १२१/२०६५

परीक्षा क्रमाङ्क : २०४०१३०/०६७

त्रि.वि. दर्ता नं. : १४४२९-८७

**कनकाई बहुमुखी क्याम्पस**

**सुरुङ्गा, झापा**

**२०७३**

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था. २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी षडराज गड्तौलाले मेरो प्रत्यक्ष निर्देशनमा **सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समिति** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २५ डिसेम्बर २०१६

(गोपीकृष्ण भट्टराई)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था. २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति :..........................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी षडराज गड्तौलाले **सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समिति** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी

विभागीय प्रमुख ..........................

२. गोपीकृष्ण भट्टराई

शोध निर्देशक ..........................

३. उप-प्रा. गणेश प्रसाद खनाल

बाह्य परीक्षक ..........................

मिति : १२ जनवरी २०१७

## कृतज्ञता ज्ञापन

सामुदायिक विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समिति शीर्षकमा यो शोध अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा शोध प्रस्तावना कार्यदेखि अनुसन्धानात्मक कार्य पूरा गरी शोध पत्र तयार गरुनजेलसम्म महत्त्वपूर्ण सल्लाह सुझाव निर्देशन र प्रोत्साहन दिनुहुने शोध निर्देशक कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक प्राध्यापक श्री गोपीकृष्ण भट्टराईप्रति कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै विभिन्न समयमा सल्लाह सुझाव दिई अनुसन्धान कार्य व्यवस्थापनमा सहयोग गर्नु हुने विभागीय प्रमुख, उपप्राध्यापक आशा शर्मा शिवाकोटी प्रति आभारी छु ।

अध्ययन अनुसन्धानको क्रममा भाषिक शुद्धता तथा तथ्याङ्क सङ्कलनमा सहयोग गरिदिनु भएकोमा मित्र खगेन्द्र निरौलालाई धन्यवाद दिन चाहन्छु । यो अध्ययनलाई पूर्णता दिने क्रममा विभिन्न सूचना, तथ्याङ्क, विचार र सामग्री उपलब्ध गराउनु हुने छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितका अध्यक्ष तथा पदाधिकारीहरू, शिक्षक तथा कर्मचारीहरूप्रति समेत आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, भाषिक शुद्धता सहित आकर्षक ढङ्गले कम्प्युटर सेटिङ्ग गरी छपाई व्यवस्थापनमा समेत सहयोग गर्नुहुने वशिष्ठ कम्प्युटर डिजाइनिङ्ग सेन्टर बिर्तामोडका साबित्रा दहाललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

षडराज गड्तौला

## शोधसार

सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समिति शीर्षकमा अनुसन्धान कार्य गरी तयार पारिएको यस शोधपत्रको मुख्य उद्देश्य सामुदायिक विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका पहिचान गर्नु, विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समितिको जिम्मेवारीमा प्रभाव पार्ने तत्वहरूको खोजी गर्नु, सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समितिको जिम्मेवारी र त्यसमा देखा परेका समस्याको विश्लेषण गरी समाधानको खोजी गर्नु रहेको छ ।

यस अध्ययनका उद्देश्य पूरा गर्नका लागि गुणात्मक ढाँचामा आधारित भएर शीर्षक र उद्देश्य अनुसार तथ्याङ्कको सङ्कलन, विश्लेषण र निष्कर्ष निकालिएको छ । इलामा र झापा जिल्लाका सम्पूर्ण विद्यालय तिनीहरूको व्यवस्थापनमा संलग्न सरोकारवालाहरू यस अध्ययनको जनसङ्ख्याका रूपमा रहेका छन् भने इलाम जिल्लाबाट दुई वटा विद्यालयहरू र झापा जिल्लाबाट दुई वटा विद्यालयहरू उद्देश्यमूलक नमूना छनोटका आधारमा अध्ययनको क्षेत्र छनोट गरिएको छ । अध्ययन क्षेत्रमा रहेका विद्यालय शिक्षक प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थीहरू मध्येबाट सम्भावनायुक्त र उद्देश्यमूलक विधिका आधारमा नमूना छनोट गरी अनुसन्धान कार्य अघि बढाइयो । प्रश्नावली, समूह छलफल आदि साधनहरू प्रयोग गरी प्राथमिक र माध्यमिक स्रोतबाट तथ्याङ्क सङकलन गरिएको यस अनुसन्धान कार्यलाई पूर्णता दिन सम्बन्धित विद्यालयमा उपलब्ध विभिन्न अभिलेखहरू समेत प्रयोगमा ल्याइएको छ । यसका अतिरिक्त थप जानकारी लिन विद्युतीय साधनहरूको समेत प्रयोग गरी यो अनुसन्धान कार्य पूरा गरिएको छ । अध्ययन कार्य पूरा गर्नका लागि तथ्याङ्कको सङ्कलन, तालिकीकरण, तिनीहरूको सङ्गठन र विश्लेषणबाट यो शोध कार्य तयार गरिएको हो ।

पाँच वटा भाग र विभिन्न उपभागमा शीर्षक विभाजित गरी तयार पारिएको यो अध्ययन कार्यको विश्लेषणबाट विद्यालय व्यवस्थापन समिति एउटा जिम्मेवार सरोकारवाला अङ्ग भएकाले नीति नियम र परिधि भित्र रही विद्यालय व्यवस्थापन गर्न सकेको खण्डमा विद्यालयलाई गुणस्तरीय शैक्षिक संस्थाको रूपमा परिवर्तन गर्न सकिन्छ । विद्यालय सुव्यवसथापन गर्नका लागि योजना निर्माण र कार्यान्वयन दिगो आर्थिक स्रोत व्यवस्थापनका

लागि विद्यालय व्यवस्थापन समितिले दीर्घकालिन सोच र योजना बनाइ कार्यान्वियन गर्नु पर्ने निष्कर्ष निकालिएको छ ।

यस शोध कार्यबाट प्राप्त नतिजा र समस्या समाधानका लागि अनुसन्धानको निष्कर्षमा सरोकारवाला सबैलाई उपयोगी हुन सक्ने नीतिगत, अभ्यासगत र अनुसन्धान तह गरी तीन तहमा सुझाव समेत प्रस्तुत गरिएको छ । विद्यालय व्यवस्थापन समितिले विभिन्न नियम, ऐन र परिधिभित्र रही काम कारवाहीको पारदर्शिता र सामुदायिक संलग्नताको नीति अवलम्वन गरी त्यसको प्रभावकारी कार्यान्वियन गर्न सकेमा विद्यालय विकास तीव्र गतिमा हुन सक्दछ । शैक्षिक र शैक्षणिक कार्यमा प्रभावकारी अनुगमन गर्नुका साथै आचारसंहितामा सबैलाई ल्याउन सक्नु व्यवस्थापन समितिको महत्वपूर्ण कर्तव्य हुन आउछ । यसरी यस्ता अध्ययन कार्यबाट प्राप्त नतिजाहरूलाई कार्यान्वियन गर्न सकेको खण्डमा र यसमा देखिएका कमजोरी हटाउन पुन अध्ययन अनुसन्धान गर्न सकेमा सफल विद्यालय व्यवस्थापन गर्न सकिन्छ भन्ने यसको सुझाव रहेको छ ।

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको प्रमुख आधार विद्यालय शिक्षा हो । विद्‍यालय साझा सम्पत्तिको रुपमा रहेको एक सामाजिक संस्था हो ।  शिक्षा सधैं विकसित भइरहने प्रक्रिया हो । यो कहिले पनि अन्त्य हुँदैन । किनकी शिक्षा नै जीवन हो, जीवन नै विकास हो र विकास नै शिक्षा हो । शिक्षाले नै सोचलाई परिस्कृत गराउँछ र मानिसको उत्पादनशीलता र सिर्जनशीलतामा वृद्धि गराउँदछ तसर्थ शिक्षा मानिसको एक आधारभूत आवश्यकता हो । मानिस सामाजिक प्राणी हो । मानिसको चौतर्फी विकासमा शिक्षाको अहम भूमिका हुन्छ । प्रत्येक समाजमा आफ्नै किसिमका मूल्यमान्यताहरू समाज, समय र परिस्थिति अनुरुप केही परिवर्तन पनि भइरहेको हुन्छ । केही सामाजिक मूल्य र मान्यताहरू अपरिवर्तनीय भए पनि त्यसका केही अंश वा व्यवहारमा परिवर्तन पनि देखा परेका हुन्छन् ।

शैक्षिक विकासको महत्वपूर्ण साधन र माध्यमको रुपमा विद्यालय शिक्षालाई लिइन्छ । हाल पूर्व वाल्यवस्थादेखि कक्षा १२ सम्मको शैक्षिक संरचनामा विद्यालय विकास भइरहेको छ । कक्षा १ देखि ८ सम्मको आधारभूत र ९ देखि १२ कक्षा सम्मलाई माध्यमिक तह निर्धारण गरिएको छ । विद्यालयलाई २ भागमा विभाजन गरिएको छ । निजी र व्यक्तिगत तथा सामुहिक लगानीका आधारमा खोलिएका विद्यालय संस्थागत मानिएको छ भने सरकारी लगानीमा सञ्चालित विद्यालय सामुदायिक विद्यालय हुन । दुबै प्रकारका विद्यालय सञ्चालन गर्न विद्यालय व्यवस्थापन समिति गठन गरिएको हुन्छ । सामुदायिक विद्यालय सञ्चालनमा भने विद्यालय व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका र जिम्मेवारी शिक्षा एने र नियमावलीले समेत गरेको छ । सामुदायिक विद्यालयप्रति व्यवस्थापन समितिको जिम्मेवारीले विद्यालयका सबैखाले श्रोतसाधनलाई परिचालन गरेर व्यवस्थित शैक्षिक र प्रशासनिक वातावरण निर्माण गर्दछ ।

शैक्षिक प्रशासनको विकासको प्रारम्भिक चरण कुनै शिक्षा, शिक्षण, संस्थान वा विद्यालयबाट सुरु भएको पाइन्छ तर अहिले यसको क्षेत्र विद्यालय वा शिक्षण संस्थान भन्दा धेरै फराकिलो भइसकेको छ । शैक्षिक प्रशासन राम्रो र प्रभावकारी पार्न शिक्षक र प्रशासक बीच पनि सुमधुर हुनुपर्छ । यसरी नै विद्यालयबाट प्रदान गरिने शिक्षालाई राम्रो र उपयोगी बनाउनको लागि शिक्षक  र प्रशासक बीच पनि  सुमधुर सम्वन्ध हुनुपर्छ । यसरी नै विद्यालयबाटै प्रदान गरिने शिक्षालाई राम्रो र उपयोगी बनाउन शिक्षक प्रशासक तथा समुदायका समाजसेवीहरूको भूमिका पनि महत्वपूर्ण तथा अहम भनिन्छ । प्रारम्भमा संगठित शैक्षिक प्रशासन अमेरिकाबाट भयो । त्यतिबेला विद्यालयको प्रशासन व्यवसायिक प्रशासकबाट सञ्चालित नभई सर्वसाधारण जनताबाट सञ्चालित भएको पाइन्छ । सन् १८२७ भन्दा पहिले विद्यालय प्रशासनलाई सरकारी वा सार्वजनिक प्रशासनबाट अलग राखिएको थियो । सर्वसाधारणबाट बनाइएको समिति वा गाउँलेले नै शिक्षा प्रशासन सञ्चालन गर्दथे । प्रारम्भिक विद्यालय प्रशासन सुपरीवेक्षणबाट प्रिन्सिपल तथा सहायक प्रिन्सिपलले सञ्चालन गर्ने गरी विकसित भएको पाइन्छ । विद्यालय पनि एउटा उद्योगरुपी संगठन हो । विद्यालयमा विभिन्न प्रकारका लगानी, प्रक्रिया र उत्पादन हुने गर्दछ । एउटा विद्यालयमा गरेको लगानीलाई सफल र प्रभावकारी बनाउन विद्यालयका प्रधानाध्यापक, विभिन्न विषयका शिक्षकहरू बीच सुमधुर सम्बन्धका साथै उक्त विद्यालयका सेवा क्षेत्रका समाजसेवी व्यक्तिहरूको पनि अहम भूमिका हुन्छ । यसमा पनि विद्यालयका प्रशासक वा प्रधानाध्यापकमा योजना सङ्गठन, निर्देशन र नियन्त्रण सञ्चालन गर्ने कुशल कला हुनु आवश्यक हुन्छ । तव मात्र विद्याललीय शिक्षाले उपलब्धी हाँसिल गर्न सक्छ (काफ्ले श्रेष्ठ र सिन्हा २०५९) ।

समाजलाई नेतृत्व प्रदान गर्न र समाजका बालबालिकाहरूलाई शिक्षित गराउन शैक्षिक संस्थाको आवश्यकता पर्दछ । शिक्षाले एकातिर समाजको स्वरुपलाई संरक्षण प्रदान गरिरहेको हुन्छ भने अर्कातर्फ यसले त्यसको स्वरुपलाई नविकरण गर्दछ । धेरैले शिक्षालाई भावी जीवनमा व्यक्तिले लिने पेशाका लागि तयारीका रुपमा लिएको पाइन्छ । अतः व्यक्तिले प्राप्त गरेको शिक्षाले सामाजिक र मानवीय विन्दुबाट उसको यात्रा प्रारम्भ हुन्छ ।

प्रयोजनवादी शिक्षाको सामाजिक उद्देश्य एउटा असल तथा संगठित वातावरणयुक्त संसार सिर्जना गर्नु हो । सामाजिक परिवेशप्रति र व्यावहारिक दुवै पक्षमा

सामाञ्जस्य मिलाउने र समन्वय कायम गराउने शिक्षा गुणस्तरीय हुन्छ (कर्ण, २०६०)। विद्याललीय शिक्षालाई प्रभावकारी एवम् गुणस्तरीय पार्न प्रधानाध्यापक, शिक्षक र समाजसेवीहरूको त्रिकोणात्मक सम्बन्ध रहेको हुन्छ। शिक्षा विभागले विद्याललीय शिक्षालाई प्रभावकारी बनाउन समाजसेवीले पनि अहम भूमिका खेलेको हुने महशुस गरी सामुदायिक विद्यालयको अवधारणा अघि सारेको छ। विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दीको पूर्तिमा समेत समुदायलाई अधिकार प्रदान गरेको छ।

नेपालका विभिन्न सार्वजनिक विद्यालहरूको शैक्षिक गुणस्तरमा वृद्धि गर्ने उद्देश्यले राष्ट्रिय शिक्षा पद्धतिको योजना (NESP) २०२८ देखि शिक्षा ऐन, नियमावली र निर्देशिकाहरुमा निरीक्षण प्रणालीलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ। विद्यालय निरीक्षण कार्यलाई प्रभावकारी बनाएर मात्र विद्याललीय शिक्षालाई प्रभावकारी बनाउन नसक्ने भएकाले प्रत्यक्ष रुपमा विद्यालयसँग सम्बन्ध राखेर व्यवस्थापकीय कार्य गर्न विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिएको छ। विद्यालय व्यवस्थापन समितिको प्रभावकारी भूमिकाले विद्यालयमा समुदायको पहुँच स्थापना हुने सैद्धान्तिक अवधारणा रहेको छ।

विद्यालय समाजको साझा सम्पत्तिको रुपमा रहेको एक सामाजिक संस्था हो। त्यसैले आफ्नो लगानी खेर जान नदिन समाजका हरेक सदस्यहरूले यसको रेखदेख र निगरानी राख्नुपर्ने हुन्छ। यसको विकासमा आइपर्ने समस्या समाधानका लागि समुदाय र त्यसको प्रतिनिधित्व गर्न विद्यालय व्यवस्थापन समितिको प्रभावकारी भूमिका रहनु पर्दछ।

नेपालको शिक्षा विकासको इतिहास केलाउँदा प्राचीन वैद्धिक शिक्षा अन्तर्गत गुरुकुल शिक्षा प्रणाली प्रमुख थियो। समय बित्तै जाँदा एउटा निश्चित चौतारो, गाई, गोरु राख्ने गोठ र पुरानो घरमा शिक्षा दिन थालियो। वि.सं. २००७ सालमा राजा र जनताको संयुक्त प्रयासमा आन्दोलन भयो। फलस्वरुप नेपालमा प्रजातन्त्र आयो त्यसपछि मात्र शैक्षिक विकासले गति पायो।

मानिसलाई समयसापेक्ष व्यवहार गर्न, परिस्थिति अनुसार समायोजन हुन शिक्षाले नै महत्वपूर्ण भूमिका खेलेको हुन्छ। मानिसलाई अनुसासित र चरित्रवान बनाउने माध्यम नै शिक्षा हो। सामान्यतः विद्यालयमा दिइने शिक्षालाई औपचारिक शिक्षा मानिन्छ। जुन

तहगत रुपमा दिइने गरिन्छ । औपचारिक शिक्षा प्राथमिक शिक्षा तहबाट सुरु भई महाविद्यालयसम्म पुग्दछ । अनौपचारिक शिक्षा औपचारिक संरचनाबाट बाहिर रहेर दिइने शिक्षालाई भनिन्छ ।

हाल नेपालमा संख्यात्मक रुपमा विश्लेषण गर्दा प्रा.वि. ३१६५५ नि.मा.वि. ११३४१ मा.वि. ६९२८ र उच्च मा.वि. २५१२ रहेको तथ्याङ्क प्राप्त छ । (Direct Development Profile Nepal 2010/2011) भने हाल नेपालमा विद्यालय शिक्षालाई आधारभुत र माध्यमिक तहमा विभाजन गरी औपचारिक शिक्षा प्रदान गर्ने गरिन्छ । यसको अलावा पूर्व बालविकास (ECD) र पूर्व प्राथमिक तहमा समेत शिक्षा प्रदान गरिन्छ ।

प्राचीन कालको शिक्षा गुरुकुल शिक्षा पद्धतिमा अनौपचारिक तवरले सञ्चालन गरिन्थ्यो । त्यतिबेला प्रदान गरिने शिक्षा एउटा अनौपचारिक मात्र थियो । केही जान्ने बुझ्ने मानिसहरूले आफन्त र पढ्न इच्छा गर्ने व्यक्तिहरूलाई मात्र शिक्षा दिने गर्थे ।

विद्यालयबाट प्रदान गरिने शिक्षालाई प्रभावकारी र औचित्यपूर्ण बनाउन शिक्षकहरूका बीचमा पनि सह-सम्बन्ध हुनु आवश्यक हुन्छ । किनकी कुनैपनि शिक्षक सबै विषयमा दक्ष नहुन सक्छ । यस्तो अवस्थामा एउटा शिक्षकले अर्को शिक्षकलाई सहयोग पनि गर्नुपर्दछ । विद्यालयका प्रधानाध्यापक, शिक्षक र समाजमा रहेका समाजसेवीहरूले विद्यालयलाई राम्रो र गुणस्तरीय बनाउन आपसी समन्वय हुनु आवश्यक हुन्छ ।

## १.२ समस्याको कथन

समुदायमा सबै नागरिकहरूका लागि शिक्षा अनिवार्य आवश्यकता हो । त्यसैले विद्यार्थीको भविष्य निर्माणमा विद्यालयको अहम भूमिका रहन्छ । विद्यालयबाट प्रदान गरिने शिक्षा प्रभावकारी हुन नसकेको खण्डमा विद्यार्थीको जीवन पनि अन्धकार अथवा पशु जस्तो हुने भएकाले यस अध्ययनको आवश्यकता देखिएको हो । एउटा विद्यालयको सम्पूर्ण लगानीलाई प्रशासनको रुपमा रहेको प्रधानाध्यापकले फलदायी बनाउन सक्नुपर्दछ । तबमात्र शिक्षाको लक्ष्य प्राप्त हुन गई शिक्षामा आन्तरिक तथा वाह्य प्रभावकारिता ल्याउन सकिन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन र आवश्यक सुधार गर्न शिक्षकहरूको महत्वपूर्ण हात रहन्छ भने विद्यालयलाई भौतिक तथा आर्थिक रुपले सम्पन्न पार्न शिक्षा विकाससँग सम्बन्धित व्यक्ति तथा विद्यालय

व्यवस्थापन समितिको भूमिका तथा कार्य पनि महत्वपूर्ण हुने भएकाले यस विषयमा अध्ययन गर्नु आवश्यक ठानेर प्रस्तुत अध्ययन कार्यलाई अगाडि बढाइएको छ ।

विद्यालयको सञ्चालन र शैक्षिक विकासमा प्रधानाध्यापक शिक्षक, विद्यालय व्यवस्थापन समितिको छुट्टाछुट्टै भूमिकाहरू जिम्मेवारी हुन्छन् । तिनीहरूको सकारात्मक भूमिकाको संयोजनबाट विद्यालय व्यवस्थित हुने भएकाले सोको लेखाजोखा गरिनुपर्दछ । यसमा देखिएका समस्याहरूको समाधानका उपायहरूको खोजी गर्नु विद्यालयमा कार्यरत शिक्षकहरूको विद्यालय प्रतिको मनोभावना, उनीहरू बीचको सम्बन्धको अध्ययन गर्नु र विद्यालयमा शिक्षण कार्यलाई राम्रो बनाउन भौतिक, आर्थिक तथा शैक्षिक सुविधा उपलब्ध गर्न र गराउन समुदायको प्रतिनिधिको रुपमा रहेको विद्यालय व्यवस्थापन समितिको जिम्मेवारीको अध्ययन र निश्कर्ष प्रस्तुत गर्नु नै यस अध्ययनको मुख्य समस्या रहेका छन् ।

## १.३ अध्ययनको औचित्य

विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समिति बिषयको यस अध्ययनबाट हाल नेपाल सरकारको नीति नियम अनुसार समुदायमा सञ्चालित विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी के कस्तो छ भन्ने कुरा थाहा पाउनका साथै पदाधिकारी तथा सदस्यहरुको आफ्नो कर्तव्यप्रति उत्तरदायित्वको भावना कत्तिको छ भन्ने कुरा पत्ता लगाउनु यसको उद्देश्य हो । व्यवस्थापन समितिहरुको आफ्नो उद्देश्य अनुरुप विद्यालयमा के कस्ता प्रगति भएका छन् र शैक्षिक, आर्थिक, भौतिक, प्रशासनिक उपलब्धि जस्ता कुरामा कत्तिको जिम्मेवारी लिएर काम गर्दछन् । स्थानीय व्यक्तिहरूले विद्यालयका कार्यक्रम प्रति कस्तो चासो, अपेक्षा लिएका छन् र  त्यसवारे उनिहरुका क्रियाकलापलाई उजागर गर्न कोशीस गर्नपनि यस अध्ययनको महत्व हो । अध्ययनबाट सबै पक्षको तथा आन्तरिक तथा बाह्य पक्षको भूमिका प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समितिले गरेका प्रयास र यसमा देखिएका समस्याका बारेमा तुलनात्मक लेखाजोखा गरिएको छ । समुदाय र विद्यालय बीचको स्रोतको रुपमा विद्यालय व्यवस्थापन समिति र यसका पदाधिकारीहरूले हेर्ने जिम्मेवारी, तिनका कारण विद्यालयमा शैक्षिक तथा भौतिक विकासमा पुगेको प्रभावको लेखाजोखा गरिएको छ । यस अध्ययनबाट विद्यालयीय शिक्षालाई सवल, सक्षम र प्रभावकारी बनाउन आवश्यक

उपायहरूको खोजी गरिएको छ । साथै आर्थिक, भौतिक, शैक्षिक समस्याका बारेमा समेत अध्ययन गरी सुझाव राखी सम्बन्धित क्षेत्रको नीति निर्माणमा सहयोग पुऱ्याउने समेत अध्ययनको ध्येय रहेको छ ।

प्रत्येक विद्यालयमा आधिकारिक र नियमसम्मत विद्यालय व्यवस्थापन समिति गठन भएतापनि कतिपय विद्यालयहरुका विद्यालय व्य.सं. सक्रिय भई विद्यालयको सामाजिक आर्थिक भौतिक शैक्षिक एवम् व्यवस्थापकिय कार्यलाई व्यवस्थित बनाएको छ भने कतिपय विद्यालयमा व्यवस्थापन समिति नाम मात्रको हुनु र व्यवस्थापनलाई वेवास्ता गर्ने गरेको विभिन्न अध्ययनले देखिाएको छ । हाम्रो क्षेत्रमा जुन विद्यालयमा व्यवस्थापन समिति जिम्मेवार रहेको छ त्यो विद्यालय विकासर उन्नति तीव्रताका साथ भएको पाइएको छ भने विद्यालय व्यवस्थापन समिति निस्क्रिय र जिम्मेवारीबाट पर रहेको विद्यालयको विकाससुस्त र सबै कार्य प्रधानाध्यापक र शिक्षकले गर्नुपर्ने वाध्यता पनि देखिएको छ । अतः विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी र यसबाट हुने विद्यालय विकासको गति र अवस्था पत्ता लगाई समाधाका उपायहरु समेत सुझाउन यो अध्ययन कार्य अघि बढाइएको हो ।

## १.४ अध्ययनको उद्देश्य

विद्यालयको विकासमा व्यवस्थापन समितिको जिम्मेवारीको अध्ययन तथा अनुसन्धान गर्नुको मुख्य उद्देश्य विद्यालय विकासप्रति विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी र भूमिका विश्लेषण गरी त्यसमा देखिएका समस्या पत्तालगाई समाधानको खोजि गर्नु हो ।

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समितिको भूमिका पहिचान गर्नु,

२. सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समितिको जिम्मेवारीमा प्रभाव पार्ने तत्वहरू खोजी गर्नु,

३. सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समितिको जिम्मेवारीमा देखा परेका समस्या विश्लेषण गर्नु,

४. सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समितिको जिम्मेवारीमा देखा परेका समस्याको समाधानहरू खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरू

प्रस्तुत अध्ययन निम्न अनुसन्धानात्मक प्रश्नहरूबाट निर्देशित भएको छ । :

१) सामुदायिक विद्‍यालयप्रति विद्‍यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरका लागि कस्तो जिम्मेवारी तथा भूमिका निर्वाह गर्नुपर्दछ ?

२) सामुदायिक विद्‍यालय शिक्षालाई प्रभावकारी बनाउन विद्‍यालय व्यवस्थापन समितिको भूमिकाले के कस्ता प्रयासहरू गरेका छन् ?

३) व्यवस्थापन समितिको शैक्षिक भूमिका र जिम्मेवारी कस्तो रहेको छ ?

४) के विद्‍यालय व्यवस्थापन समितिले स्थानीय समुदायको प्रतिनिधित्व गरेको छ ?

५) विद्‍यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी र भूमिका कस्तो रहेको छ ?

६) विद्‍यालयमा प्रशासन र विद्‍यालय व्यवस्थापन समितिको नियमित कार्यमा कस्तो भूमिका रहेको छ ?

## १.६ अध्ययनको परिसीमा

सामुदायिक विद्यालयको शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समिति शीर्षकमा अध्ययन गरी तयार गरिएको यस शोध कार्यमा विद्यालयको विकासमा विद्यालय व्यवस्थापन समितको जिम्मेवारी, यसमा सम्पादान गरिने काम, कर्तव्य र अधिकार तथा व्यवस्थापन कार्यमा आउने समस्या र तिनको समाधानमा सीमित गरिएको छ ।

अध्ययनको क्षेत्र इलामको जनता उच्च मा.वि. चुलाचुली - ३ बाह्रगोठे, इलाम, र किराँतेश्वर मा.वि., पेल्टीमारी, चुलाचुली-५, इलाम । यसैगरी झापा जिल्लाका सरस्वती मा.वि. इटाभट्टा, दमक-१४ र पाणिनी मा.बि. दमक-१५, झापाका दूईवटा विद्‍यालयहरूमा सीमित गरिएको छ । छनौटमा परेका विद्‍यालयहरूका अघिल्लो र चालु व्यवस्थापन समिति गरी दुई अवधिको व्यवस्थापन समितिको जिम्मेवारीलाई मात्र तुलनात्मक अध्ययन गरिएको थियो । नमुना तथ्याङ्क संकलनका लागि विद्‍यालयका ४

प्रधानाध्यापकहरू, अभिभावकहरू र व्यवस्थापन समितिका पूर्व र वर्तमान पदाधिकारी तथा सदस्यहरू यस अध्ययनमा प्रतिक्रियादाताको रुपमा समावेश गरिएका थिए । तोकिएका विद्यालयहरूको विद्यालय प्रति व्यवस्थापनको जिम्मेवारी अर्न्तगत पर्ने शैक्षिक क्रियाकलाप, मानव संसाधन विकास, नीति तथा क्रियाकलाप अवस्था, विद्यालय सरोकारवाला सम्बन्ध, भौतिक व्यवस्थापन  योजनागत विधिलाई मात्र यस अध्ययन भित्र समावेश गरी समस्या विश्लेषणमा सीमित  यो अध्ययनबाट प्राप्त निष्कर्षलाई अन्य अन्य क्षेत्रमा सिमित मात्रामा सामान्यिकरण गर्न सकिन्छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

विद्याललीय शिक्षालाई प्रभावकारी एवम् गुणस्तरीय पार्न प्रधानाध्यापक, शिक्षक र समाजसेवीहरूको त्रिकोणात्मक सम्बन्ध रहेको हुन्छ । विद्यालय साझा सम्पत्तिको रुपमा रहेको एक सामाजिक संस्था हो । त्यसैले आफ्नो लगानी खेर जान नदिन समाजका हरेक सदस्यहरूले रेखदेख र निगरानी राख्नुपर्ने हुन्छ । यसको विकासमा आइपर्ने समस्या समाधानका लागि समुदाय र त्यसको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समितिको प्रभावकारी जिम्मेवारी रहनु पर्दछ । विद्यालयको शैक्षिक विकासका लागि विभिन्न क्षेत्रबाट भए गरिएका कार्यहरूका सम्बन्धमा विगतमा गरिएका अध्ययन अनुसन्धानहरूलाई यस परिच्छेदमा सम्बन्धित अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका प्रस्तुत गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

विद्यालय शिक्षालाई प्रभावकारी बनाउन शैक्षिक वातावरण पनि उपयुक्त हुनु आवश्यक छ । साथै सङ्गठनको रुपमा रहेको विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा समुदायका समाजसेवी तथा शिक्षा प्रेमीहरूको भूमिका महत्वपूर्ण हुन्छ । यी सवैबीच तालमेल हुन आवश्यक छ । शिक्षा वास्तविक अर्थमा मानवको व्यवहारमा परिवर्तन ल्याउन सक्ने किसिमको हुनुपर्छ । शिक्षा व्यावहारिक, सीपमुलक, व्यावसायिक र रोजगारमुलक तथा उपयोगी हुनुपर्छ । यस प्रकार प्राथमिक तहदेखि नै गुणस्तरीय शिक्षा प्रदान गर्न सके मा.वि. उच्च मा.वि. तथा उच्च शिक्षा पनि व्यावहारिक गुणस्तरीय बनाउन सकिन्छ ।

अधिकारी (२०५९) ले गरेको ललितपुर जिल्लाका सार्वजनिक विद्यालयहरूका समस्या पत्ता लगाउने उदेश्य राखेर गरेको शोधका अनुसार शिक्षा मानव जीवनको उन्नति र प्रगतिका लागि नभई नहुने कुरा हो । उनले २१औं शताब्दीको शैक्षिक समस्यालाई सामना गर्न शिक्षा क्षेत्रमा देखा परेका सार्वजनिक माध्यमिक विद्यालयका विद्यालयहरूका समस्या समाधान गर्न केही सुझावहरू प्रस्तुत गरेका छन् । ललितपुर

जिल्लामा रहेको सार्वजनिक विद्‌यालयमा गरेको उनको अध्ययनले विद्‌यालयमा कार्यरत सम्पूर्ण व्यक्तिहरूले विद्यालयको हितमा काम नगरेको, शिक्षक बीचमा सह-सम्बन्ध नरहेको विद्‌यालयको भौतिक, आर्थिक, शैक्षिक र प्रशासनिक क्षेत्रमा विशेष ध्यान नदिएको निश्कर्ष निकालेका छन् ।

काफ्ले, श्रेष्ठ (२०५९) अनुसार शैक्षिक प्रशासन राम्रो र प्रभावकारी पार्न शिक्षक र प्रशासक बीच पनि सुमधुर हुनुपर्छ । एउटा विद्‌यालयमा गरेको लगानीलाई सफल र प्रभावकारी बनाउन विद्‌यालयका प्रधानाध्यापक विभिन्न विषयका शिक्षकहरू बीच सुमधुर सम्बन्धका साथै उक्त विद्‌यालयका लाभान्वित क्षेत्रका समाजसेवी व्यक्तिहरूकोपनि अहम जिम्मेवारी हुन्छ । यसमा पनि विद्‌यालयका प्रशासक वा प्रधानाध्यापकमा योजना, सङ्गठन, निर्देशन र नियन्त्रण सञ्चालन गर्ने कुशल कला हुनु आवश्यक हुन्छ । तव मात्र विद्‌याललीय शिक्षाले उपलब्धी हाँसिल गर्न सक्छ ।

भट्टराई (२०६१) ले आफ्नो अध्ययनमा विद्‌यालयीय शिक्षा सुधारका लागि प्रधानाध्यापक शिक्षक तथा समाजसेवीको भूमिका अहम हुने आवासीय मा.वि.मा समस्याहरू जस्तै शौचालय, खानेपानी, खेलमैदान, पुस्तकालय, फर्निचर, शिक्षक दरबन्दी कमी भएको, शिक्षकहरू माझ सम्बन्ध सुमधुर नभएको, बृत्तीविकासमा अवसर नपाएको गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिएको सरकारी भन्दा निजी विद्‌यालयहरूले बढि प्रगति गरेको र निजी विद्‌यालयको तुलनामा सरकारी विद्‌यालयमा भौतिक, आर्थिक, शैक्षिक र प्रशासनिक जस्ता क्षेत्रको व्यवस्थापन हुन नसकेको कुरालाई निश्कर्षमा औल्याइएको छ ।

हर्विसन (सन् १९७०) का अनुसार अनौपचारिक शिक्षा मानव श्रोत विकासको माध्यम हो । प्राकृतिक श्रोतको विकास गर्नु भन्दा पहिले मानवीय श्रोत विकासको लागि तालिम, सीप, शिक्षा दिननै अनौपचारिक शिक्षाको विकास भयो । (राई, २०६८ बाट उदृत) कार्की (२०४९) को अनुसार समयको माग, बालबालिकाका रुची अनुसारका विषयवस्तुहरू सरकारी विद्‌यालयहरूमा पनि लागु गर्नु पर्ने हुन्छ तर सरकारी विद्‌यालयमा प्रधानाध्यापकहरूले सो अनुरुप काम गर्न पाइ रहेका छैनन् यो नै आर्थिक अभावका कारण उब्जीएको समस्या हो ।

शर्मा (२०४३) को अनुसार निजी तथा सरकारी छुट्टाछुट्टै रुपमा सञ्चालित विद्‌यालयहरूलाई वि.सं. २०२८ मा गठित राष्ट्रिय शिक्षा पद्धति लागू भएपछि सबैलाई एकिकरण गरी एउटै छातामुनी ल्याइयो जिल्लाको सम्पूर्ण विद्‌यालयहरूको पाठ्यक्रम,

पाठ्यपुस्तक, पठनपाठन, परीक्षा, सुपरीवेक्षण तथा प्रशासन जिल्ला शिक्षा कार्यालय मार्फत नियन्त्रित गरिएका थिए । वि.सं. २०३६ सालको मध्यावधि मूल्याङ्कन पश्चात निजी विद्यालयहरूको गुणस्तर वृद्धि गर्न निजी क्षेत्रकै पहलमा विद्यालयहरू सञ्चालन गर्न तत्कालीन सरकारले छुट दिए । हाल आएर ति विद्यालयहरू सरकारी र निजी छुट्टाछुट्टै रुपमा सञ्चालित छन् । सरकारी र निजी विद्यालय बीचको भौतिक व्यवस्थापन, अभिभावकसँगको सम्बन्ध तथा प्रधानाध्यापक र शिक्षक बीचको सम्बन्धमा अन्तर देखिन्छ ।

उक्त पुनराबलोकनहरुका आधारमा सामुदायिक विद्यालय  विकासमा ब्यबस्थापन समितिको जिम्मेवारी विषयमा उदेश्य अनुरुप समस्याको पहिचान गरी समाधानका प्रयासहरुको खोजी गर्न जरुरी देखिएको छ ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययनको शिलशिलामा कुनै सैद्धान्तिक ढाँचालाई आधार मानी उक्त कार्यलाई अगाडि बढाउन सामाजिक विभेदीकरणको सिद्धान्तलाई मुख्य आधार बनाइएको छ । कालमार्क्स (१८१८-१८८३) का अनुसार आर्थिक पक्ष तथा उत्पादन सम्बन्ध (Mode of production) ले कुनै पनि समाज व्यवस्थालाई निर्देशित गर्दछ । तसर्थ विद्यालय समाजको एक अंग भएकाले सोको व्यवस्थापन तथा विकासका लागि आर्थिक पक्षले पारेको असरलाई निर्क्यौल गरिएको छ । (Website retrieved from http: review, org/issue/32/crists theory, html/on 25Oct 2016)

फ्रान्सका प्रसिद्ध वैज्ञानिक वैज्ञानिक व्यवस्थापनका पिता F.W. taylor (1856-1917) को विकासवादी सिद्धान्तमा प्रतिवादित वैज्ञानिक व्यवस्थाको सिद्धान्तले मानिसलाई कुन कार्य गराउन खोजिएको छ र कुन काम गर्न दिइएमा उनीहरुले राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढङ्गले जान्ने कलाको रुपमा प्रस्तुत गरेको उक्त सिद्धान्तले विद्यालय विकासमा.वि.व्य.स. प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरुको जिम्मेवारी दायित्वर भूमिकामा दृखिएका समस्या र त्यसमा पारेको असर तथा जिम्मेवारी वोधलाई प्रस्तुत गर्दछ ।

प्रसिद्ध व्यवस्थापनको प्रशासनिक सिद्धान्तका प्रतिपादक एलिभर सेल्डन व्यवस्थापनको  सिद्धान्तमा कुनैपनि व्यवस्थापनको सिद्धान्तमा नीति निधारण गर्न वित्तिय

उत्पादन र वितरणमा समन्वय स्थापना गर्न, संगठनको क्षेत्र निश्चित गर्न, आवश्यक योजना रसंगठन तयारी, लक्ष्य प्राप्त गर्ने कार्य व्यवस्थापकले नीति कार्यान्वयन गरी लक्ष्य अनुसार प्रगति हासिल गर्ने प्रयास गर्दछ भन्ने सैद्धान्तिक घटनालाई प्रस्तुत गरेको जसले विद्यालयको चौतर्फी विकासमा वि.व्य.स. र सरोकारवालाहरुलाई विद्यालय प्रतिको जिम्मेवारी वोधको निर्क्यौल गर्दछ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनको क्रममा यस क्षेत्रमा रहेका विद्यालयहरूका शैक्षिक विकासका लागि विद्यालय व्यवस्थापन समितिको भूमिकाहरूको बारेमा हालसम्म कसैले पनि अध्ययन तथा अनुसन्धान नगरेको हुनाले यस अध्ययनले यस क्षेत्रमा रहेका विद्यालयको शैक्षिक विकासका लागि गरिएका गतिविधिहरूले आगामी दिनहरूमा यससँग सम्बन्धित भएर कार्य गर्न सरोकारवालाहरूलाई सहयोग पुऱ्याउदछ । यस अध्ययनलाई विद्यालय व्यवस्थापन समिति र त्यसका पदाधिकारी सदस्यहरूलाई विद्यालयप्रति हेर्ने जिम्मेवारी तथा सहयोग गर्न प्रोत्साहित गर्दछ । शिक्षकहरूलाई आफ्नो दायित्वप्रति लगनशील भएर कार्यसम्पादन गर्न प्रोत्साहित गर्दछ साथै विद्यालयहरूमा स्थानीय समाजसेवी र अभिभावकहरूको भूमिकालाई प्रष्ट गर्दछ र विद्यालय व्यवस्थापन तथा विकासका लागि सकारात्मक सहभागिताको स्थिति कायम हुने छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

प्रस्तुत अध्ययनको विधि स्थलगत अध्ययनमा आधारित वर्णनात्मक र परिमाणात्मक गरी मिश्रित विधिको प्रयोग गरिएको छ । अध्ययनका लागि प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत संकलनका लागि निम्न बमोजिमको अध्ययन विधि अनुसार छनौटमा परेका विद्यालहरूबाट प्रश्नावली, अवलोकन फारम र समुह छलफलको प्रयोग गरी आवश्यक सुचना संकलन गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यलाई सहज बनाउनका लागि विशेष अध्ययन विधिको आवश्यकता पर्दछ । विषयवस्तुको प्रकृति तथा अनुसन्धानको प्रकृति र अध्ययनकर्ताको रुचीमा भर पर्दछ । कुनै अवस्था प्रक्रिया, समस्या तथा घटनाको व्याख्या, विश्लेषण शाब्दिक रुपमा गरिन्छ भने त्यो गुणात्मक अध्ययन हो । यो अध्ययन मिश्रित किसिमको रहेको छ । अध्ययनको उद्देश्य, प्राप्ति र वास्तविकता पत्ता लगाउन सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट गरी समुह छलफल, अन्तवार्ता, प्रश्नावली र अवलोकन फारम जस्ता साधनहरूको प्रयोग गरिएको छ । यो अध्ययन स्थलगत अध्ययनमा आधारित हुनेछ । शोधकार्य सम्पन्न गर्न सार्वजनिक विद्यालयलाई लक्षित गरी छनौटमा परेका विद्यालयहरूका प्र.अ. तथा समुदायका शिक्षाप्रेमी, समाजसेवी, अभिभावकहरूलाई प्रश्नावली भराइएको छ । प्रश्नावली खुल्ला र बन्द दुवै प्रकारका प्रयोग गरिएको छ । प्राप्त सुचना तथा जानकारीका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । अवलोकन सुची तयार गरी विद्यालयको शैक्षिक विकासको अध्ययन गरिएको छ । विभिन्न व्यक्तिहरूद्वारा गरिएका विगतका सहयोगहरूका सम्बन्धमा विद्यालको अभिलेख र निर्णय पुस्तिकालाई आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमूना छनोट

इलाम र झापा जिल्लाका सम्पूर्ण विद्यालय र तिनीहरुको व्यवस्थापनमा सरोकारवाला यस अ्ध्ययनको जनसंख्याको रुपमा लिइएको छ । इलामबाट दूईवटा

विद्यालयहरू छनौट गरिएको छ , जसमा जनता मा.वि. चुलाचुली - ३ बाह्रगोठे, इलाम, र किराँतेश्वर मा.वि., पेल्टीमारी, चुलाचुली - ५, इलाम, इलाम जिल्ला चुलाचुली श्रोतकेन्द्र. अन्तर्गतका विद्यालयहरू रहेका छन् । सरस्वती मा.वि. इटाभट्टा, दमक- १४ झापा, र पाणिनी मा.बि.दमक - १५ झापा, झापा जिल्ला अन्तर्गतका दूईवटा विद्यालयहरू रहेका छन् । त्यसमा रहेका विद्यालयहरू शिक्षक, प्र.अ., विद्यालय व्यवस्थापन समिति, अभिभावक विद्यार्थीहरू यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

यस अध्ययनमा बाँधिएको परिसिमा अनुसार उद्देश्यमूलक नमूना छनौट विधिद्वारा ४ वटा विद्यालय छनौट गरिएको छ । प्रत्येक विद्यालयबाट प्रधानाध्यापक समाजसेवी/शिक्षाप्रेमी अभिभावक, पूर्व व्यवस्थापन समितिका सदस्य तथा पदाधिकारीहरू र वर्तमान व्यवस्थापन समितिका सदस्य तथा पदाधिकारीहरू गरी कूल ११ जना उत्तरदाता रहेका छन् ।

## ३.३ नमूना छनौट विधि

जनशक्ति, समय र श्रमको न्यूनताका कारण सम्पूर्ण जनसंख्याको अध्ययन गर्न सम्भव नभएकाले अध्ययन गरिएको नमुनाको आकार कुल जनसंख्याको १० प्रतिशत हुने गरी सानो बनाइएको छ । यस शोध कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न चारवटै विद्यालयका प्र.अ., अभिभावक, विद्यालय व्यवस्थापन समिति विद्यार्थी उद्देश्यपूर्ण प्रक्रियाबाट छनौट गरी सम्भावना युक्त प्रक्रियाबाट नमूना छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधन

अध्ययन क्षेत्रमा पुगी तथ्याङ्क संकलन फारम, समष्टिगत फारम, विभिन्न व्यक्तिसँग गरिएको प्रश्नावली विवरण प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ ।

प्रकाशित वा अप्रकाशित सामग्रीलाई पनि उपयोग गरिएको छ । इलाम र झापा जिल्लामा सामुदायिक विद्यालय विकासमा व्यवस्थापन समितिको जिम्मेवारी नामक शीर्षकमा अनुसन्धान गर्ने क्रममा छनौट गरिएका विविध सामग्री, जर्नल, पत्रपत्रिका सङ्कलन गरी विद्यालयका प्रधानाध्यापक शिक्षक, बुद्धिजीवी, समाजसेवी, व्यवस्थापन समिति लगायत अन्य कुराहरूको छुट्टाछुट्टै प्रश्नावली तयार पारी बन्द र खुल्ला प्रकारका

बनाएर परिमाणात्मक तथ्याङ्कका लागि प्र.अ.र विद्यालय व्यवस्थापन समिति लाई भराई छलफलगरी अन्तर्वार्ता समेत लिइएको छ ॥

यसमा निम्न अनुसारका श्रोतको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका निम्न बुँदालाई प्रयोग गरिएको छ :

### ३.४.१ प्रश्नावली

प्रधानाध्यापक, अभिभावक र पूर्व तथा वर्तमान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरूको लागि छुट्टाछुट्टै प्रश्नावली तयार गरी प्रयोग गरिएको छ । प्रश्नावलीहरू अनुसूची १ र २ मा राखिएको छ ।

### ३.४.२ समूह छलफल

अध्ययनको उद्देश्य पूरा गर्नका लागि छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाहरूसँग विद्यालयको शैक्षिक तथा भौतिक व्यवस्थापन, पठनपाठनको स्थिति, विद्यालय सञ्चालनमा व्यवस्थापन पक्षबाट पाएको सहयोग अभिभावकहरूको सहभागिता शैक्षिक व्यवस्थापनमा देखापरेका सवल र दुर्वल पक्षहरू तथा समस्या समाधानका उपायहरूका बारेमा छलफल र सोधपुछ गरी तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ । छलफलका लागि प्रधानाध्यापक मार्फत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरू, शिक्षकहरू र उपलब्ध अभिभावकहरूलाई उपस्थित गराइएको थियो । छलफल कार्यक्रममा विद्यालयको शैक्षिक तथा भौतिक अवस्था, विद्यालयको मानव संसाधन व्यवस्थापन, विद्यालय र समुदाय बीचको सम्बन्ध, निरीक्षण र अनुगमन लगायतका यसैको अनुसूची ३ मा भएका १० वटा विषयवस्तु प्रस्तुत गरी तत सम्बन्धी सूचनालाई प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनमा निम्न अनुसारका स्रोतहरूको प्रयोग गरिएको छ :

### ३.५.१ प्राथमिक स्रोत

यस अध्ययनमा अध्ययन कर्ताले स्थलगत रुपमा अध्ययन क्षेत्रमा पुगी तथ्याङ्क सङ्कलनका लागि विभिन्न व्यक्तिसँग गरिएको प्रश्नावली अन्तर्वाता, अवलोकन र छलफलबाट प्राप्त त्थयाङ्क वा विवरणहरू प्राथमिक श्रोतको रुपमा लिइएको छ ।

### ३.५.२ द्वितीय स्रोत

यस अध्ययनका लागि आवश्यक पर्ने अन्य सहायक तथ्याङ्कका श्रोतहरूमा छनोटमा परेका विद्यालयको अभिलेख, बैठक पुस्तिका, रिपोर्ट कार्ड, विद्यालय सुधार योजना, लेख रचना, विभिन्न पुस्तक, शैक्षिक नीति नियम, तथ्याङ्क प्रतिवेदन, विद्यालयका अन्य फायल र अवस्था अध्ययनबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस अनुसन्धानलाई पूर्णता दिन सम्बन्धित विद्यालयमा उपलब्ध विभिन्न अभिलेखहरूको समेत अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलन गर्ने क्रममा उल्लेखित तथ्याङ्क सङ्कलनका साधनहरूको प्रयोग गरी अध्ययनकर्ता स्वयं उपस्थित भई छनौट गरिएका जानकार व्यक्तिसँग प्रत्यक्ष भेटघाट गरी प्राप्त भएका विवरणलाई सर्वेक्षण फारम भरी उक्त फारमकै आधारमा समष्टीगत फारम भरिएको छ । यसका साथै वि.व्य.स. अध्यक्ष तथा प्र.अ. लाई प्रश्नावली वितरण गरी अध्ययनकर्ता स्वयंमको उपस्थितिमा प्रश्नावली भराइनुका साथै छनौटमा परेका अभिभावकहरूको लागि व्यक्तिग रुपमा तयार गरिएका प्रश्नावलीमा रहेका प्रश्नहरू सोधिएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा विद्यालयका आवश्यक अभिलेखहरूको पनि अध्ययन गरिएको छ ।

छनौटमा परेका ४ वटा विद्यालयबाट ११ जना व्यक्तिहरूलाई अन्तर्वाता प्रश्नावली छलफलका माध्यमबाट विद्यालको व्यवस्थापकीय पक्ष यसमा देखा परेका समस्या र समाधानका उपायका बारेमा आवश्यक तथ्याङ्क संकलन गरिएको छ । प्राप्त सूचना र सम्बन्धित विद्यालयका दस्तावेज पुनरावलोकनबाट प्राप्त सूचनालाई आवश्यक उद्देश्य अनुसार विभिन्न समूहमा वर्गीकरण गरिएको छ । उक्त समूह भित्र आएका मुख्य मुख्य विषयलाई छुट्याएर तिनीहरूको वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । यसरी वर्गीकरण गरिएका सूचनाहरूलाई पूर्वस्थापित सिद्धान्त र साहित्यसँग जोडेर विश्लेषण गर्दै निश्कर्षमा पुगिएको छ । तथ्याङ्क सङ्कलन प्रक्रिया दुई चरणमा सम्पन्न गरियो । यस कार्यका लागि विद्यालयबाट तयार गरिएको विद्यालय सुधार योजना विद्यालयबाटै प्राप्त गरिएको छ । विद्यालयबाट निर्णय पुस्तिका र प्रदर्शन गरिएका सामग्री/र सूचनामूलक तथ्याङ्कलाई संकलन गरिएको छ ।

दोस्रो चरणमा आफूले व्यक्ति समक्ष पुऱ्याई प्राथमिक सूचना संकलन गरिएको छ । यसका लागि सबैभन्दा पहिले प्रधानाध्यापकबाट प्राप्त गरिएको सूचना सङ्कलन गरियो । प्रधानाध्यापकको सहयोगमा विद्यालयको अभिलेखको आधारमा विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, र अभिभावकहरूको जानकारी प्राप्त गरियो । प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरू (वर्तमान र भूतपूर्व) अविभावक र शिक्षकहरूसँगको संयुक्त वैठकको आयोजना गर्न अनुरोध गरिएको छ । सो अनुरोध अनुसार प्रत्येक विद्यालयमा छलफलको आयोजना गरियो । छलफल कार्यक्रमको समापन पछि छनौटमा परेका सम्पूर्ण उत्तरदातालाई छुट्टाछुट्टै प्रश्नावली दिइएको थियो । सो प्रश्नावलीको आधारमा अन्तर्वाता गरी सूचना सङ्कलन गरिएको छ । यस कार्यका लागि प्रत्येक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरूबाट १ दिन र अर्कोदिन अभिभावकहरूबाट सूचना सङ्कलन गरिएको थियो ।

प्रश्नावलीको साथसाथै अवलोकन फारम समेतको प्रयोग गरी सम्बन्धित विद्यालयको सूचना सूचना सङ्कलन गरिएको छ । थप जानकारीका लागि आवश्यकता अनुसार फोन सम्पर्कबाट समेत जानकारी प्राप्त गरिएको छ । तथ्याङ्क संकलन कार्य २०७२ फाल्गुण महिनादेखि २०७३ श्रावण महिनासम्म लाई लक्षित गरियो । संकलन गरिएका तथ्याङ्कहरूलाई विभिन्न शीर्षक दिई गुणात्मक र परिमाणात्मक विधिबाट व्याख्या, विश्लेषण र प्रस्तुतिकरण गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस सामुदायिक विद्यालय प्रति विद्यालय व्यवस्थापन समितिले हेर्ने जिम्मेवारीको अध्ययनलाई स्पष्ट पार्नका लागि विद्यालय तथा विभिन्न तथ्याङ्क उपलब्ध भएका जानकारीहरूलाई उद्देश्य अनुसार वर्गीकरण गरी यस अध्ययनको क्रममा तथ्याङ्क विश्लेषण गर्न प्राथमिक र द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कलाई सजिलै बुझ्न, तुलना गर्न र विश्लेषण गर्न आवश्यकता अनुसार परिमाणात्मक रुपमा केही तथ्याङ्कलाई तालिकीकरण गरी स्तम्भ चित्रमा समेत आवश्यकता अनुसार प्रस्तुत गर्ने कोशिस गर्दै छोटो रुपमा व्याख्या विश्लेषण गरिएको छ भने केही तथ्याङ्कहरूलाई तालिकीकरण नगरी उद्देश्य अनुसार सोझै व्याख्या तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको छलफल र विश्लेषण

विद्यालय संचालनको लागि स्थानीय प्रशासनिक निकायको रुपमा विद्यालय व्यवस्थापन समितिको रहेको हुन्छ । विद्यालयको सफलता र असफलताका लागि यो निकायलाई अत्यन्त जिम्मेवार निकायका रुपमा लिन सकिन्छ । किनकी यसले गरेका निर्णयहरू सिधै कार्यान्वयनमा जाने गर्छन् । त्यसैले पनि यो निकाय विद्यालयका कामहरूका लागि अति निकट रहेको कुरा स्पष्ट हुन्छ । शिक्षा नियमावलीले निर्धारण गरे अनुरुप गठित सामुदायिक विद्यालय विकासमा व्यवस्थापन समितिको जिम्मेवारी कस्तो रहेको छ भन्ने प्रश्नमा रही यो अनुसन्धानलाई अगाडी बढाइएको छ । यो अनुसन्धानका लागि इलाम र झापा जिल्लाका गरी चारवटा सार्वजनिक माध्यमिक विद्यालयहरू प्रस्तुत अध्ययनको सीमा भित्र रहेका थिए । शोधार्थीको सुविधाको लागि उदेश्यमुलक नमुना छनौट गरी इलामबाट दूईवटा विद्यालयहरू छनौट गरिएको थियो , जसमा जनता उच्च मा.वि. चुलाचुली - ३ बाह्रगोठे, इलाम, र किराँतेश्वर मा.वि., पेल्टीमारी, चुलाचुली - ५, इलाम, इलाम जिल्ला चुलाचुली श्रोतकेन्द्र. अन्तर्गतका विद्यालयहरू रहेका थिए । सरस्वती मा.वि. इटाभट्टा, दमक- १४ झापा, र पाणिनी मा.बि.दमक-१५, झापा, झापा जिल्ला अन्तर्गतका दूईवटा विद्यालयहरू रहेका थिए । विद्यालयहरूका प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू, अभिभावक, तथा विद्यालय व्यवस्थापन समिति सदस्यहरू समेतलाई सोधिने प्रश्नावली, अन्तर्वाता सूची, एवं अवलोकन फारम तयार गरी उल्लेखित व्यक्तिहरूसँग भेट गरी संकलन गरिएको तथ्याङ्को आधारमा तथ्याङ्कलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालय व्यवस्थापन समितिको अवस्था

यस अध्ययनको उद्देश्य बमोजिम विद्यालयको शैक्षिक विकासका लागि नीति तथा प्रक्रियाका आधारमा विद्यालय व्यवस्थापन समितिको अवस्थालाई यस उपशीर्षक अर्न्तगत निम्न बमोजिम प्रस्तुत गरिएको छ :

### ४.१.१ विद्यालय व्यवस्थापन समितिको वैठक स्थिति

विद्यालय सञ्चालनका लागि महत्वपूर्ण बैधानिक संयन्त्रको रुपमा रहेको

विद्यालय व्यवस्थापन समितिको सक्रियता उसको बैठक र बैठकको एजेन्डाले पुष्टी गर्दछ । शिक्षा नियमावली २०५९ अनुसार विद्यालय व्यवस्थापन समितिको वैठक दुई महिनामा कम्तिमा एकपटक बस्नुपर्ने व्यवस्था रहेको छ । यसै सन्दर्भमा छनोटमा परेका चारवटा विद्यालयको व्यवस्थापन समितिको वैठक स्थितिलाई हेर्दा १ वर्ष भित्र निम्न बमोजिम ९ पटकदेखि १३ पटकसम्म बैठक बसेको पाइएको छ । यस स्थितिलाई हेर्दा व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधिले तोके बमोजिम नै रहेको पाइएको छ । दिइएको तालिकाले विद्यालय व्यवस्थापन समितिको बैठकको एजेण्डा र संख्यालाई प्रस्तुत गर्दछ ।

तालिका नं. १ : विद्यालय व्यवस्थापन समितिको बैठकको एजेण्डा र संख्या

| बैठकको एजेन्डाहरू | श्री जनता मा.वि, चुलाचुली,इलाम | श्री किराँतेश्वर मा.वि, पेल्टीमारी, चुलाचुली इलाम | श्री सरस्वती मा.वि इटाभट्टा दमक १४ | श्री पाणिनी मा.वि दमक १५ |
|---|---|---|---|---|
| भौतिक संरचना निर्माण सम्बन्धी | ९ (६०%) | ७ (५७%) | ७ (६२%) | ६ (५०%) |
| कक्षा ११को भर्ना प्रवेशिका परीक्षाको परीक्षाफल समीक्षा | १ (७%) | - | १ (१०%) | - |
| शैक्षिक कार्यक्रम व्यवस्थापन | १ (७%) | १ (८%) | १ (१०%) | १ (८%) |
| विद्यार्थीहरूको शुल्क निर्धारण, आर्थिक सङ्कलन तथा विविध विषयमा | २ (१४%) | २ (१७%) | १ (११%) | १ (८%) |
| जम्मा बैठक संख्या | १३ (८८%) | ११ (९०%) | १० (९३%) | १० (८३%) |

*स्रोत : स्थलगत अध्ययन २०७३*

माथिको तालिकाबाट विद्यालयको भौतिक संरचना निर्माणका लागि सबैभन्दा बढी बैठक बस्ने गरेको देखिन्छ । सबै विद्यालयहरूको कुल बैठक संख्याको ६२% देखि ५७% सम्म बैठक भौतिक संरचना निर्माण सम्बन्धी बस्ने गरेको देखिन्छ । यसमा बैठक भौतिक विषयमा मात्र बढी केन्द्रित रहेको पाइन्छ भने शैक्षिक विषयलाई मूल एजेन्डा बनाएर न्यून संख्यामा बैठक बस्ने गरेको देखिन्छ । शैक्षिक विषयमा पनि दुईवटाको भने उच्च मा.वि.को भर्ना तह र प्रवेशिका परीक्षालाई मात्र प्राथमिकतामा राखेर बैठक सञ्चालन भएको देखिन्छ । आर्थिक श्रोत व्यवस्थापनका लागि ११ देखि १७ सम्म बैठक

बस्ने गरेको पाइन्छ । यस तालिकाको स्थितिको विश्लेषण गर्दा शैक्षिक विकासका लागि संस्थागत सक्रियता बढाउनु जरुरी रहेको महसुस हुन्छ ।

### ४.१.२ विद्यालय अभिभावक सम्बन्ध विकास

विद्यालयले बालकको प्रगती विवरण शैक्षिक सत्रको बीच बीचमा अविभावकलाई सम्प्रेषण गरिरहनु पर्छ । अभिभावकले पनि विद्यालयमा उपस्थित भएर बच्चाको प्रगति विवरण लिइनु पर्छ । यसै सम्बन्धी नमूना विद्यालयका विद्यार्थीका २० जना अविभावक र २ जना विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई विद्यालयले बीचबीचमा सम्पर्क गरी बच्चाको प्रगति कमजोरी बारेमा जानकारी गराउँछ कि गराउँदैन ? भनि गरिएको अन्तर्वातामा प्राप्त भएको जनसङ्ख्याको आधारमा विद्यालयले बालबालिकाको प्रगति विवरणलाई अभिभावकसम्म पुऱ्याउने गरेको भन्ने पक्षमा दोश्रो विद्यालयका अभिभावक र विद्यालय समितिका अध्यक्षहरू मात्र पाइए । प्रगति विवरणको सूचना अभिभावकलाई गराउँदैन भन्ने पहिलो विद्यालयका सबै अभिभावक र समितिको वर्तमान अध्यक्षबाट जानकारी प्राप्त भयो । यस अवस्थालाई विश्लेषण गर्दा विद्यालयको सूचना व्यवस्था कमजोर रहेको पाइयो । साथै विद्यालयले विद्यार्थीको प्रगति विवरण अभिभावक भेला आयोजना गरी छलफल र अन्तरक्रिया गरी प्रकाशन गर्नु पर्ने नीतिको अवहेलना भएको देखिन्छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले प्रगति विवरणको सूचना अभिभावकलाई दिने कुरा पर्याप्त नभएको स्वीकार गरेबाट यसको व्यवस्थाप्रति विद्यालय व्यवस्थापन समितिको ध्यान नपुगेको देखिन्छ जुन गर्नु आवश्यक छ ।

विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य अधिकारका सन्दर्भमा शिक्षा नियमावली २०५९ को नियम २५ को उपनियम १ (ङ) अनुसार विद्यालयको सामुदायिक सम्बन्ध विस्तारका लागि आवश्यक कार्य गर्नुपर्ने उल्लेख छ । जस अनुसार प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो वर्षको आय व्यय तथा शैक्षिक उपलब्धि र आगामी बर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउनुपर्ने हुन्छ (शिक्षा नियमावली २०५९) यसै नियमावलीका विद्यार्थी शिक्षक तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने समितिको काम कर्तव्य भित्र पर्दछ । नियम २५ को उपनियम (ढ२) तर यस सम्बन्धमा नियमित रुपमा आम भेला बोलाई आर्थिक

शैक्षिक उपलब्धि तथा आगामी वर्षको कार्यक्रमको जानकारी नगराएको पाइएको छ । यसलाई क्रमिक रुपमा सञ्चालन गरिनु वाञ्छनीय देखिन्छ ।

विद्यालय अभिभावक सम्वन्धलाई अझ स्पष्ट पार्न निम्न तालिका र विश्लेषण गर्न सकिन्छ ।

तालिका नं. २ : विद्यालय अभिभावक सम्बन्ध अनुपात

| विवरण | जनता मा.वि. | किरातेश्वर मा.वि. | सरस्वती मा.वि. | पाणिनी मा.वि. |
|---|---|---|---|---|
| अनविज्ञ | ०.८ | ०.६ | ०.६ | ०.७ |
| त्टस्थ | ०.१ | ०.२ | ०.२ | ०.१ |
| सहमत | ०.१ | ०.२ | ०.२ | ०.२ |

*स्रोत : स्थलगत अध्ययन २०७३*

उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने विद्यालय अभिभावक सम्बन्ध अनुपातिक रुपमा कम रहेको पाइयो । जसमध्ये जनता मा.वि.का अभिभावक र विद्यालय बीचको सम्वन्ध सबैभन्दा कमजोर रहेको पाइयो ।

### ४.१.३ विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन

विद्यालयको शैक्षिक विकासका लागि स्थानीय अविभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति सबैको साझा सहमति निर्माण गरेर तयार पारिएको शैक्षिक योजनाले मात्र अभिभावकको इच्छा, चाहना र अपेक्षा अनुसार विद्यार्थीहरूले शैक्षिक उपलब्धि प्राप्त गर्न सक्दछन् । विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन सँगै विद्यालयको शैक्षिक उन्नति निर्धारण हुन्छ । यस अर्थमा विद्यालय सुधार योजनाको प्रभावकारी रुपमा निर्माण र कार्यान्वयन गर्न गराउन विद्यालय व्यवस्थापन समितिको भूमिका रहन्छ ।

विद्यालय सुधार योजनाले भौतिक सुधारदेखि लिएर शिक्षक विद्यार्थीको नियमितता उनीहरूको सिकाइ उपलब्धि अभिवृद्धि, विद्यार्थीमा आन्तरिक दक्षता लगायत सबै पक्षको सुधारलाई लक्षित गर्नु पर्छ यसरी सरोकारवालालाई विद्यालयको सर्वाङ्गिण

विकासको निम्ति योजना निर्माण गर्न, निर्मित योजनालाई कार्यान्वयन गर्न, कार्यान्वयन भइरहेको योजना कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कनमा सहभागी बनाएर विद्यालयको दिगो विकासमा विद्यालय सुधार योजनाको मूल मर्म हो । माथि प्रस्तुत गरिएका सन्दर्भका आधारमा अध्ययन गरिएका विद्यालयहरूले पाँच वर्षका लागि (२०६९-२०७३) विद्यालय सुधार योजना निर्माण गरिएको पाइयो । उक्त विद्यालयमा विद्यालय सुधार योजनामा सहभागी भएको र यो प्राविधिक विषय भएकोले विद्यालयका प्रधानाध्यापकको र शिक्षकहरुको मस्यौदा निर्माणमा सक्रियता बढिरहेको जानकारी दिए ।

जनता मा.वि.का विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा सदस्यहरूले विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा आफ्नो सहभागीता रहने गरेको जानकारी दिए । किराँतेश्वर मा.वि.का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूले विद्यालय सुधार योजना निर्माणमा प्र. अ. कमल अधिकारी जत्तिकै र कार्यान्वयनमा वहाँभन्दा बढी आफू लागि परेको बताए । उनीहहरूले योजना बनाउने काम बढी प्राविधिक भएकाले प्रधानाध्यापकले उठाएका कुरालाई निर्णयमा पुऱ्याएको र कार्यान्वयनका क्रममा भने सबै पक्षमा छलफल निर्णय र कार्यका आधारमा आपसमा समन्वय गरिने, श्रम सम्पत्ति र समय खर्चिने गरिएको प्रधानाध्यापक तथा अध्यक्ष मार्फत जानकारी पाइयो । सरस्वती मा.वि. विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूले विद्यालय सुधार योजना निर्माणमा छलफल भएको जानकारी दिए । उनीहरूले हरेक कार्यक्रम कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति परिवारमा छलफल गरी आवश्यक निर्णय र समन्वयका आधारमा अगाडी बढ्ने गरेको जानकारी दिए । अध्ययन गरिएका विद्यालयहरुको विद्यालय सुधार योजना निर्माणमा विद्यालय व्यवस्थापन समितिको सहभागिता राम्रै रहेको पाइएको छ भने यसको कार्यान्वयन पक्षमा ध्यान कम पुऱ्याएको पाइएको छ । विद्यालय सुधार योजनाको मध्यावधि मूल्याङ्कन तथा बार्षिक रुपमा अध्यावधिक गरिएको भएतापनि योजना बमोजिम कार्य नभई साविक बमोजिमको कार्यसम्पदान भएको सबै विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी तथा प्रधानाध्यापकहरूले बताएका छन् । यो योजना शिक्षा विभागले स्थानीय क्षमता अभिवृद्धि कार्यक्रमका नाममा विद्यालयहरूमा थोपरिएको बोझको रुपमा रहेको बुझ्न सकिन्छ ।

यसलाई अझ स्पष्ट पार्न निम्न लिखित तालिका प्रस्तुत गरिएको छ :

तालिका नं. ३ : विद्यालय सुधार योजनाको प्रयोग

| विवरण | जनता मा.वि. | किरातेश्वर मा.वि. | सरस्वती मा.वि. | पाणिनी मा.वि. |
|---|---|---|---|---|
| अनविज्ञ | ०.२ | ०.१ | ०.२ | ०.३ |
| त्टस्थ | ०.२ | ०.१ | ०.१ | ०.१ |
| सहमत | ०.६ | ०.८ | ०.७ | ०.६ |

स्रोत : *स्थलगत अध्ययन २०७३*

उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने विद्यालयले विद्यालय सुधार योजना -क्षएe तर्जुमा गरी कार्यान्वयन गरेको पाइयो ।

**४.१.४ भौतिक उपलब्धिको अवस्था**

विद्यालय व्यवस्थापन समिति समेतको संलग्नतामा विद्यालय सुधार योजना निर्माण गरिएकोमा उल्लेखित कार्यक्रमहरू के कस्ता थिए र तिनको कार्यान्वयनको अवस्था कस्तो रहेको थियो भन्ने सूचना संकलन गरिएको थियो ।

भौतिक तथा पूर्वाधार विकासका सन्दर्भमा फर्निचर निर्माण तथा मर्मत कक्षा कोठा मर्मत र शौचालय निर्माण कार्य ४ वटै विद्यालयहरूले सम्पन्न गरेको र जनता मा. विद्यालयले भने आ.ब. २०७२/ ०७३ र २०७३/०७४ का २ बर्षभित्रै २ वटा भवन निर्माण गर्न सफल भएको पाइयो । (श्रोत स्थलगत अध्ययन २०७३)

खेल मैदान निर्माण वा व्यवस्थापन तथा मर्मत वा घेरावारा कार्य सबै विद्यालयहरूले योजना बमोजिम गरेको र किराँतेश्वर मा. वि.ले तुलनात्मक रुपमा निकै नै राम्रो कार्य सम्पन्न गरेको पाइयो । स्वच्छ पिउने पानीको प्रर्याप्तता समेत सवै विद्यालयमा राम्रो भएको पनि जनता मा. वि.मा भने सुधारोन्मुख रहेको पाइयो । जनता मा. वि.मा विज्ञान बिषयको प्रयोगशालाको व्यवस्थापन गरिएको भएपनि कम प्रयोग गरिएको पाइयो  र बाँकी विद्यालयहरूमा प्रयोगशालाको अभाव र भएका प्रयोगशालाको सामान्य मात्र प्रयोग  रहेको र बिज्ञान बिषयको प्रवेशिका परीक्षामा

विद्यार्थी अपेक्षित भन्दा कम उत्तीर्ण भएको पाइएको छ । शैक्षिक व्यवस्थापनतर्फ योजना बमोजिम सबै विद्यालयहरूमा पुस्तकहरू थप गरिएको चारवटा मध्ये दुइवटा विद्यालयमा उच्च मा.वि. तह सञ्चालन र व्यवस्थापन भएको, वार्षिक कार्यतालिका निर्माण गर्ने गरिएको, विद्यार्थीहरूको नतिजा विश्लेषण गर्ने गरिएको, निरन्तर मूल्याङ्कन प्रणाली लागु गरिएको र कक्षा १० मा अंग्रेजी, गणित र विज्ञान विषयमा अतिरिक्त कक्षा सञ्चालन समेत सबै विद्यालयमा गर्ने गरिएको पाइयो । थप शैक्षिक सामग्रीको राम्रो व्यवस्था र वाचानालय निर्माण कार्य छनौटमा परेका कुनैपनि विद्यालयले गर्न नसकेको अवस्था छ ।

विद्यालय सुधार योजनामा समावेश गरिएका क्रियाकलापहरू हेर्दा भौतिक व्यवस्थापनलाई मुख्य प्राथमिकता दिइएको देखिन्छ । यसले मात्र विद्यालयको चौतर्फी विकास हुन सक्तैन । यस योजनामा शैक्षिक प्रशासन, गुणस्तर विकास तथा सरोकारवाला बीचको अन्तरसम्बन्ध, बालमैत्रीपूर्ण विद्यालयीय वातावरण, विद्यार्थी वातावरण, विद्यार्थी कल्याण तथा अतिरिक्त क्रियाकलाप, मानवसंसाधन विकास, प्रकाशन तथा अभिलेखिकरण, दिगो आर्थिक स्रोत व्यवस्थापन जस्ता पक्षहरू प्राथमिकिकरणमा पछाडी परेका छन् । उपलब्धिका हिसावबाट हेर्दा पनि भौतिक पक्षमा मात्र सामान्य सुधार भएको देखिन्छ । अन्य पक्षहरूमा उपलब्धि नदेखिएको पाइन्छ । यसका पछाडी दक्षता पूर्वक योजना नबनाइएको, वा आवश्यकतालाई पहिचान ठिक ढंगले नभएको र सरोकारवालाहरूको प्रतिबद्धता र संलग्नतामा कमी हुनुलाई मुख्य कारण मान्न सकिन्छ । यस सम्बन्धमा जिज्ञासा राख्दा आर्थिक कारण नै मुख्य रहेको सम्बन्धमा चारवटै प्रधानअध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको भनाई रहेको छ । विद्यालयको समुदायसँगको सम्बन्धका सन्दर्भमा विद्यालय व्यवस्थापन समितिको गठन गर्दाका समयमा वार्षिकोत्सवमा र वार्षिक सामाजिक परीक्षण सार्वजनिक गर्दा मात्र आम भेला बोलाइएको पाइएको छ । अभिभावक भेला बोलाएर वर्षको कम्तीमा दुई पटक (अर्ध वार्षिक) समीक्षात्मक छलफल गरिनु पर्ने देखिन्छ । विद्यालय सुधार योजना र उपलब्धि स्थिति यसैको अनुसूचीमा समावेश गरिएको छ ।

## ४.२ सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समितिको जिम्मेवारीको अवस्था

विद्यालयको शैक्षिक, भौतिक, मानव संसाधन तथा आर्थिक व्यवस्थापन गरी विद्याललीय शिक्षालाई विकास गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुन्छ । यस अध्ययनको उद्देश्य बमोजिम विभिन्न सूचनाहरू संकलन गरी विद्यालयीय शिक्षालाई प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समितिको अपेक्षित र सम्पादित भूमिकाको विभिन्न उपशीर्षकमा विभाजन गरी तथ्याङ्क विश्लेषण गरिएको छ ।

### ४.२.१ अपेक्षित दृष्टिकोण

विद्यालयको समग्र विकासका लागि शिक्षा ऐन तथा नियमावलीले सामुदायिक विद्यालयमा व्यवस्थापन समितिको गठन हुनुपर्ने व्यवस्था गरेको छ । शिक्षा ऐन २०२८ को प्रस्तावनामा नै स्थापना भई सञ्चालनमा भइरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्ने कुरा उल्लेख भए अनुसार सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा एक व्यवस्थापन समिति गठन गर्नु पर्ने बाध्यात्मक व्यवस्था रहेको देखिन्छ । विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरूको संलग्नताबाट मात्र विद्यालय शिक्षाको विकास सम्भव छ भन्ने भावना ऐनमा रहेको देखिन्छ । जुन कुरा विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व हुने सदस्यहरूको योग्यतागत व्यवस्थाबाट स्पष्ट हुन्छ । विद्यालय व्यवस्थापन समितको काम, कर्तव्य र अधिकार नै सो समितिको अपेक्षित जिम्मेवारी वा भूमिका हो । शिक्षा नियमावली २०५९ को परिच्छेद-६ नियम २५ (१) मा समितिको काम, कर्तव्य र अधिकार खण्डमा यसको अपेक्षित भूमिका स्पष्ट निर्धारण गरेको छ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

**स्रोत व्यवस्थापन तथा विद्यार्थी कल्याण**

विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने २५ (१) 'ख' र विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति बापतको रकम शोधनीको लागि सम्बन्धित निकायमा माग गर्ने २५ (१) 'ण' ।

**मानव संसाधन व्यवस्थापन**

शिक्षकलाई तालिमको लागि छनौट गर्ने २५ (१) 'ग' तालिममा जाने शिक्षकलाई

तालिम्बाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कबुलियतनामा गराउने २५ (१) 'घ' शिक्षकहरूको सेवा सुरक्षा र संबर्द्धन गर्न २५ (१) 'ङ' विद्यालयको स्रोत बेहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलव स्केलमा नघटाई तलव भत्ता खुवाउने २५ (१) 'च' र नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्रदिन भित्र जिल्ला शिक्षा कार्यालयमा लेखी पठाउने २५ (१) 'छ' ।

**निरीक्षण, अनुगमन तथा अनुशासन व्यवस्थापन**

विद्यालयको सञ्चालन रेखदेख, निरीक्षण तथा व्यवस्थापन गर्ने २५ (१) 'क', विद्यालयका शिक्षक तथा कर्मचारीहरूका हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने तथा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन दिने पालन गर्नुपर्ने आचार संहिता बनाई लागु गर्न २५ (१) 'ट', निरीक्षकले विद्यालयको छड्के जाँच गरी हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्तो गयलबापत तलब कट्टी गर्ने २५ (१) 'त', 'ढ' शिक्षकलाई गरिएको विभागीय कारवाहीको जानकारी जिल्ला शिक्षा अधिकारी समक्ष पठाउने २५ (१) 'ढ' ।

**भौतिक व्यवस्थापन**

विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्न २५ (१) 'झ' ।

**निर्देशन पालन तथा कार्यक्रममा सहभागिता**

नेपाल सरकारबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने २५ (१) ञ र जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशन अनुरुप काम गर्ने २५ (१) 'द' ।

**अभिलेखीकरण**

शिक्षकहरूको अभिलेख अध्यावधिक गराई राख्ने २५ (१) 'ठ' र व्यवस्थापन समितको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने २५ (१) 'त', 'थ' ।

**पारदर्शिता तथा सामाजिक सम्बन्ध**

प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउन २५ (१) 'ड' विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखा परीक्षकको नाम नियुक्तिका लागि जिल्ला शिक्षा अधिकारी समक्ष सिफारिस गर्न २५ (१) (ढ १) र विद्यार्थी, शिक्षक तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने २५ (१) (ढ २) ।

### ४.२.२ व्यवस्थापन समितिको जिम्मेवारी सम्पादन

विद्यालयप्रति व्यवस्थापन समितिको माथि उल्लेखित जिम्मेवारी मध्ये छनौटमा परेका विद्यालयहरूको जिम्मेवारी निम्नानुसार पाइयो ।

**निरीक्षण तथा अनुगमन**

कुनै पनि कार्यक्रम प्रभावकारी रुपमा अगाडी बढाउन राम्रो निरीक्षण र अनुगमनको आवश्यकता पर्छ । कार्यान्वयनमा देखिएका कठिनाई बाधा अड्चनलाई हटाउन उपयुक्त सहयोग सल्लाह र सुझावको आवश्यकता पर्छ । कतिपय कमजोरी र अस्पष्टतालाई बीचैमा सुधारेर अगाडी बढ्ने हो भने कार्यक्रमको प्रभावकारिता वृद्धि हुने प्राय निश्चित छ ।

विद्यालयको शैक्षिक विकासका लागि विद्यालय व्यवस्थापन समितिको नियमित अनुगमन र निरीक्षण आवश्यक हुन्छ । व्यवस्थापन समितिले विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने नियम २५ (१) 'क' र शिक्षक तथा कर्मचारीको हाजिरी जाँच गर्न नियम २५ (१) 'ज' जस्ता कार्य गर्न सक्ने कानुनी व्यवस्था रहेको पाइन्छ (शिक्षा नियमावली, २०५९) । छनौटमा परेका नमूना विद्यालयहरूमा उपयुक्त र प्रभावकारी अनुगमनको व्यवस्थाको बारेमा शिक्षक र प्रधानाध्यापकलाई सोधपुछ गर्दा पाणिनी मा. विद्यालयमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरू बैठकका दिनमा मात्र उपस्थित हुने भएकाले नियमित अनुगमन भई कुनै औपचारिक सरसल्लाह, सुझाव परामर्श केही नभएको जानकारी प्राप्त भयो । बैठकका दिनमा मात्र उपस्थित हुने भएकाले नियमित अनुगमन भई कुनै औपचारिक सरसल्लाह, सुझाव परामर्श केही नभएका जानकारी प्राप्त भयो । बैठकका दिनमा मात्र केही पठनपाठन

सम्बन्धी छलफल हुने र अधिकांश छलफलको विषय भौतिक निर्माण सम्बन्धी हुने गरेको पाइएको छ भने दोस्रो र तेस्रो विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरू बेलाबेवलामा विद्यालयमा उपस्थिति भई पठन पाठन र भौतिक निर्माण सम्बन्धी अनुगमन तथा रेखदेख हुने गरेको पाइएको छ ।

**कक्षा सञ्चालन र बिदा**

अध्ययनको क्रममा छनौट गरिएका विद्यालयहरूमा गरिएको स्थलगत सर्वेक्षणका क्रममा विद्यालयका प्रधानाध्यापकहरूलाई कक्षा सञ्चालनका विषयमा भराइएको प्रश्नावली तथा छलफलका माध्यमबाट प्राप्त जानकारी तथा तथ्याङ्क सङ्कलन गरिएको थियो ।

तथ्याङ्क सङ्कलनका क्रममा सामुदायिक विद्यालयका प्रधानाध्यापकबाट प्राप्त कक्षा सञ्चालन सम्बन्धी जानकारी अनुसार शिक्षा नियमावलीमा तोकिए अनुसार नै कक्षा सञ्चालन गर्ने गरेको तर बन्द हड्ताल जस्ता विविध कारणले आंशिक कक्षा अवरोध र कक्षा सञ्चालनको कुनै वैकल्पिक व्यवस्था नभएको जानकारी प्राप्त भयो । बिदाका सम्बन्धमा सामुदायिक विद्यालयका उच्च मा.वि. तहमा बर्खे र हिउँदे बिदाबाट मिलाउने गरी दशैं तिहारमा एक महिना बिदा गर्ने गरेको र मा.वि. तहमा भने नियमित रुपमा बर्खे र हिउँदे बिदा गर्ने गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिले विशेष निर्णय गरी अतिरिक्त कक्षा सञ्चालन गर्न बिदाका दिनहरू घटाउनु पर्ने देखिन्छ । यस वापत शिक्षकलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्न सकिन्छ ।

**निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग**

विद्यार्थीको निरन्तर मूल्याङ्कन प्रणालीले विद्यालयको शैक्षिक विकासमा सकारात्मक प्रतिफल प्राप्त हुने देखिन्छ । यसका लागि कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, हाजिरी र सृजनात्मक कार्यलाई आधारको रुपमा लिइन्छ । सरकारी नीति अनुसार कक्षा ७ सम्म (शैक्षिक वर्ष २०७२ सम्म) अनिवार्य निरन्तर मूल्याङ्कन प्रणाली लागु गरिएको छ । अध्ययन क्षेत्रमा परेका ४ वटै विद्यालयहरूले यस प्रणालीको मापदण्ड अनुसार नतिजा प्रकाशित गरेको पाइयो । यस प्रणालीको नियम अनुसार हरेक पाठको शिक्षण पछि मापदण्ड मूल्याङ्कन फारमको प्रयोग गरी त्यसमा रेजा लगाई अभिलेख अध्यावधिक गरिनुपर्ने हुन्छ । तर छनौटमा परेका विद्यालयहरू मध्ये २

वटा (दोस्रो र तेस्रो) विद्यालयहरूले पूर्ण रुपले प्रयोग गरेको पाइयो । पाठ्यक्रमले तोकेको मापदण्ड सबै शिक्षकले प्रयोग गरेको देखिदैन । यस अवस्थामा प्रधानाध्यापकलाई मापदण्ड प्रयोगमा नआउनेको कारण सोद्धा व्यवहारिक प्रयोग गर्न सीपको अभाव र तालिम प्रभावकारी नभएकोले यस्तो भएको उल्लेख गर्दछन् । यस मूल्याङ्कन प्रणालीको माध्यमबाट विद्यार्थीहरूमा देखा परेका कमीकमजोरीलाई क्रमिक रुपमा सुधार गर्दै लैजानु पर्ने हुन्छ । यसलाई सबै तहहरूमा व्यवहारिक प्रयोग गरिनु पर्ने देखिन्छ ।

**सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका उपायहरू**

शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षित उपलब्धि प्राप्त गराउन कमजोर विद्यार्थीलाई छुट्टै समयमा एउटै कक्षाको व्यवस्था गर्न सकिने, शिक्षणको समयमा कमजोर विद्यार्थीलाई बढी ध्यान दिने, विद्यार्थी बीच अन्तरक्रियाको अवसर दिने, शिक्षण विधिमा विविधताका माध्यमले शिक्षण गर्ने जस्ता तरिकाहरू प्रयोग गर्न सकिन्छ । सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय अनुसार अध्ययन स्थलका शिक्षकहरूले प्रयोग गरेको अवस्था उल्लेख गरिएको छ ।

तालिका नं. ४ : सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका उपाय

| क्र.सं. | सुधारका उपायहरू | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | अभिभावकलाई ट्युशनको व्यवस्था गर्न लगाउने | | | | |
| २ | अतिरिक्त कक्षा व्यवस्था | ३ | ६० | २ | ४० |
| ३ | कमजोर विद्यार्थीलाई बढी अवसर दिने | १ | २० | ४ | ८० |
| ४ | अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने | ३ | ६० | २ | ४० |
| ५ | आफूले सिकेका कुरा अरुलाई सिकाउने | ३ | ६० | २ | ४० |
| ६ | शिक्षण विधि परिवर्तन गरेर सिकाउने | ३ | ६० | २ | ४० |
| ७ | विद्यार्थीलाई सिर्जनात्मकताका लागि समय उपलब्ध गराउने | ३ | ६० | २ | ४० |

*श्रोत : स्थलगत सर्वेक्षण २०७२/०७३*

सिकाइ उपलब्धि वृद्धि गर्न गरिएका सुधारका उपायहरूमा अभिभावकहरुलाई ट्युसनको व्यवस्था गर्न सुझाव दिने, कक्षा समयमा कमजोर विद्यार्थीलाई बढी अवसर दिने आफूले सिकेका कुरा अरुलाई सिकाउन प्रेरित गर्ने र शिक्षण विधि परिवर्तन गरेर

सिकाउने शिक्षक ६०% छुट्टै समयमा कमजोर विद्यार्थीलाई बढी समय दिने र विद्यार्थीलाई सृजनात्मकताका लागि समय उपलब्ध गराउने शिक्षक २०% पाइयो । सिकाइ उपलब्धि वृद्धि गर्न उल्लेखित तरिकाका अतिरिक्त शिक्षकहरूले विद्यालय आउन प्रेरित गर्ने, कथा, कविता चुटकिला गीत नाच जस्ता अतिरिक्त क्रियाकलापको संचालन गरी पाठलाई सञ्चालन गर्ने, बालमनोविज्ञान अनुसार बालबालिकालाई माया स्नेह दिने तथा खेलको माध्यमबाट पाठलाई प्रस्तुत गर्ने, राम्ररी सिकेका बालबालिकालाई पुरस्कार प्रदान गरी सबैलाई सिकाई क्रियाकलापमा समाहित गराउने गरेको बिचार अनौपचारिक छलफलमा शिक्षकले व्यक्त गरेका थिए । सिकाइ उपलब्धिका आधारमा शिक्षकहरूलाई प्रोत्साहन वा पुरस्कारको व्यवस्था गरिनु पर्ने धारणा राखेका थिए । यस सम्बन्धमा व्यवस्थापन समितिले ठोस कार्यक्रम हालसम्म नल्याएको उल्लेख गरेका छन् ।

**आन्तरिक दक्षता वृद्धि**

आन्तरिक दक्षता वृद्धि गर्न आवश्यक पर्ने तत्वका सम्बन्धमा समाजसेवी, विद्यालय व्यवस्थापन समितिका वर्तमान तथा पूर्वपधाधिकारी र सदस्यहरू र अभिभावक संघका सदस्यहरू अनुसार काममा दण्ड र पुरस्कारको व्यवस्था, दक्ष जनशक्ति, प्रधानाध्यापकबाट दह्रिलो प्रशासन, नियमित निरीक्षण तथा अनुगमन, विद्यालय व्यवस्थापन समितिबाट उचित सहयोग तथा सरोकारवालासँग राम्रो सम्बन्धका साथै जि.शि.अ. बाट उचित व्यवस्थापन हुन जरुरी छ भन्ने प्रतिक्रिया प्राप्त भएको थियो । यसै विषयमा छलफल गर्दा अभिभावकहरूको विद्यालयमा नियमित उपस्थित बेला बेलामा शिक्षक र विद्यार्थी बीच अन्तरक्रिया गरी अतिरिक्त कक्षाको व्यवस्था गर्नु पर्दछ भन्ने राय पाइयो ।

विद्यालयको शैक्षिक विकास तथा आन्तरिक दक्षता वृद्धि गर्न माथि उल्लेखित सुझाव अनुसार सबै विद्यालयका विद्यालय व्यवस्थापन समितिले शिक्षक, कर्मचारी समेतको संयुक्त बैठकको आयोजना गरेको जानकारी प्राप्त भएको छ । यस प्रकारको बैठक वर्षमा एक पटक मात्र बस्ने गरेको पाइएको छ तर विद्यार्थीहरू समेतको बैठक अन्तरक्रियाको आयोजना विद्यालय व्यवस्थापन समितिले गर्न नसकेको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था नभएको र नियमित निरीक्षण तथा अनुगमन व्यवस्थापन समितिले नगरेको पाइएएको छ ।

यसै गरी विद्यालयको शैक्षिक विकासका लागि छनौटमा परेको विद्यालयले गरेको प्रयासका सन्दर्भमा विद्यालय व्यवस्थापन समितिले अतिरिक्त कक्षाको व्यवस्था गरेको पाइयो । यस प्रकारको व्यवस्था विद्यालयका सबै कक्षा र विषयहरूमा नभएर कक्षा १० मा विज्ञान, गणित र अंग्रेजी विषयलाई लक्षित गरी निश्चित समयावधिका लागि कक्षा संचालन गर्ने गरेको पाइयो । खास गरेर प्रवेशिका परीक्षालाई दृष्टीगत गरेर यस प्रकारको व्यवस्था गरिएको पाइएको छ । यस प्रकारको व्यवस्था सबै कक्षाहरूमा लागु गरी समग्र विद्यालयको शैक्षिक उन्नति गर्नु आवश्यक देखिन्छ ।

शैक्षिक विकासका लागि व्यवस्थित प्रयोगशाला तथा पुस्तकालयको निर्माण गर्ने र छात्रवृत्तिको बढी व्यवस्था गर्ने सन्दर्भमा एक विद्यालयले मात्र प्रयोगशाला व्यवस्थित गरेको र यसका लागि विद्यालय व्यवस्थापन समितिले आर्थिक श्रोत जुटाउन पहल गरेको पाइयो भने बाँकी अन्य विद्यालयहरूले प्रयोगशालाको विकासका लागि कुनै गतिविधि तथा पहल नगरेको पाइयो । पुस्तकालय विकासका लागि २ वटा विद्यालयले केही काम गरेका भए पनि सन्दर्भ ग्रन्थको संकलन र विधुतीय सूचना प्रविधिको प्रयोगमा जोड नदिएको पाइएको छ । उच्च मा. वि. तर्फका विद्यार्थीहरूको लागि सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिले छात्रवृत्तिको व्यवस्था गरेको देखिन्छ ।

**मानव संसाधन विकास र शिक्षकहरूको क्षमता अभिवृद्धि**

शिक्षकको शैक्षिक क्षमता अभवृद्धि गर्नका लागि विषयगत तालिम, गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रमहरू संचालन गरिनु पर्छ । अध्ययन, अनुसन्धान र प्रकाशनका कार्यहरूले प्राज्ञिक उन्नयनका लागि मद्दत पुग्ने देखिन्छ । तर छनौटमा परेका कुनै पनि विद्यालयहरूका विद्यालय व्यवस्थापन समितिका तर्फबाट यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने निर्णयसम्म गर्न सकेको छैनन् । यस सम्बन्धमा आर्थिक श्रोतका अभावले सो कार्य गर्न नसकिएको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको भनाइ रहेको छ । शिक्षकहरूको क्षमता सवलीकृत गर्न उसको कार्य दक्षताका आधारमा पुरस्कारको व्यवस्था गर्न सकिन्छ तर यसका सन्दर्भमा समेत कुनै मापदण्ड बनाइएको पाइएन । शिक्षकहरूलाई तालिमको लागि छनौट गर्नु पर्ने विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य भित्र पर्दछ । नियम २५ (१) 'ग' । शिक्षा कार्यालयले आयोजना गरेका तालिम कार्यक्रमहरूमा प्रधानाध्यापकले सहभागी गराउने गरेको पाइन्छ । कुन शिक्षकले कहाँ र कस्तो तालिम प्राप्त गरेका छन् भन्ने विषयमा व्यवस्थापन समितिको पदाधिकारी तथा

सदस्यहरू अनभिज्ञ रहेको पाइएको छ । कुन शिक्षकलाई कस्तो तालिमको आवश्यकता छ भन्ने कुराको पहिचान गरी आवश्यकतामा आधारित तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

श्रोत केन्द्रबाट शिक्षकहरूलाई शिक्षकको पेशागत विकास सम्बन्धी तालिम दिने गरेको पाइन्छ तर तालिमबाट प्राप्त ज्ञानको  कक्षा शिक्षणमा व्यवहारिक प्रयोग भने कम भएको पाइन्छ । विद्यालयमा विषयगत र तहगत रुपमा शिक्षण सम्बन्धी अन्तरक्रिया र छलफलहरूको आयोजना गर्नु पर्ने देखिन्छ ।

**भौतिक व्यवस्थापन**

छनौट गरिएका विद्यालयहरू सबैमा सेतो पाटी र मार्कर भएको पाइयो । विद्यालय कक्षा कोठा व्यवस्थापनमा त्यति ध्यान दिएको पाइएन । विद्यार्थी संख्याको आधारमा कक्षा कोठाको आकार सानो वा ठुलो भएको डेक्स, वेञ्चहरू तोडफोड हुने गरेको तथा झ्याल ढोका पनि भत्किएको या फुटेको अवस्थामा रहेको पनि स्थलगत अध्ययनका क्रममा पाइयो । ठुलो क्षेत्रमा विद्यालय फैलिएको र कक्षाकोठा र अफिस बीचको दुरी धेरै भएकाले सबै कक्षा कोठाहरूलाई समान रुपमा रेखदेख हुन सकिरहेको छैन । एक विद्यालयका प्रधानाध्यापकले भन्नु भयो ।

विद्यालय सामान्यतया खेलकुदका सामग्रीहरू भएपनि उचित र प्रयाप्त खेल मैदानको अभाव रहेको पाइयो । छनौट गरिएको विद्यालयमा पुस्तकालयको सामान्य व्यवस्था रहेको पाइयो साथै एक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय पढाइ हुने भएकाले विज्ञान प्रयोगशाला पनि रहेको र नियमित रुपमा प्रयोगात्मक कक्षा सञ्चालन गर्ने गरेको पाइयो । तर उक्त प्रयोगशाला उच्च मा.वि. का लागि मात्र प्रयोग गर्ने गरेको पाइयो ।

**विद्यार्थी कल्याण**

समस्यामूलक एवं कमजोर विद्यार्थीहरू लागि के कस्तो अवस्था छ भनी गरिएको स्थलगत अध्ययनका क्रममा छनौट गरिएका ४ वटै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूसँग छलफल गर्दा सबै तह र विषयका कमजोर तथा समस्यामूलक विद्यार्थीहरूका लागि कुनै पनि व्यवस्था नभएको र अभिभावकले आफ्ना छोराछोरीको पढाइप्रति व्यक्ति ध्यान नदिने भएकाले अभिभावकसँग छलफल तथा

परामर्श पनि हुने नगरेको कुरा विद्यालयका प्रधानाध्यापकले बताउनुभयो । छनौट गरिएका कुनैपनि विद्यालयमा अति कमजोर विद्यार्थीहरूका लागि कक्षा १० मा अंग्रेजी, गणित र विज्ञान विषय बाहेक अन्य विषयहरूमा विशेष र छुट्टै कक्षा सञ्चालन गर्ने गरेको पाइएन । जनता मा. वि ले भने कक्षा १ देखि ६ सम्मका विद्यार्थीलाई बिषयगत रुपमा अतिरिक्त  उपचारात्मक कक्षा यसै २०७३ जेठ २७ गतेदेखी सञ्चालन गरी अति कमजोर विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण गरेको सरोकारवाला सबै र आधिकारिक अभिलेखबाट देखियो । यसरी समूह छलफलका आधारमा विद्यालयको कुन कक्षामा कुन विषयमा कुन विद्यार्थी कमजोर छ, कुन विद्यार्थीलाई के कस्ता समस्या परेका छन्, उसमा के कस्ता कमी कमजोरी रहेका हुन् भनेर मनोवैज्ञानिक तरिकाले खोजी नीति गर्न र समस्याका पत्ता लगाउने प्रक्रिया छनौट गरिएका दुईवटा बाहेक अन्य सामुदायिक विद्यालयमा नभएको कुरा स्पष्ट रुपमा पाइयो । विद्यार्थीहरूको उपलब्धिस्तर वृद्धि गर्न   सामुदायिक विद्यालयका व्यवस्थापन समितिहरुले कुनै पनि ठोस उपायहरू र जिम्मेवारी अगाडी सार्न नसकेको देखिन्छ ।

## ४.३ विद्यालय व्यवस्थापन समितिका समस्याहरू

विद्यालयको शैक्षिक विकासका लागि देखिएका समस्याका सन्दर्भमा सम्वद्ध प्रधानाध्यापक शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अभिभावकहरूको अनुभव र बिचारहरूलाई यसमा समेटिएको छ ।

### ४.३.१ सुपरिवेक्षण

शिक्षा नियमावली २०५९ ले प्रधानाध्यापकलाई विषय शिक्षकको कक्षा अवलोकन सुपरिवेक्षण तथा पृष्ठपोषण प्रदान गर्नु पर्ने कार्य स्पष्ट रुपमा उल्लेख गरेको छ । अन्तवार्ता प्रश्नावलीबाट प्राप्त जानकारी केलाउँदा विद्यालयमा प्रधानाध्यापकहरूले सुपरिवेक्षण र कक्षा शिक्षण अवलोकनका लागि न्यून समय दिइएको पाइन्छ । विद्यालयमा अन्तवार्ताको दौरानमा अधिकांश प्रधानाध्यापकका भनाई अनुसार अवलोकनका लागि प्रधानाध्यापकको उपस्थिती शिक्षकहरूले मन नपराएको देखिन्छ । तर कहिले काहीं कुनै शिक्षकको पठनपाठन बारे गुनासो सकिएको बेला वा आफूले त्यस्तो महसुस गरेको बेला झ्याल वा ढोका बाहिर उभिएर केही बेर अप्रत्यक्ष रुपले उनीहरूको

कक्षा क्रियाकलाप हेरेको र सुनेको बताउँछन् । उनीहरूले दिएको जानकारी अनुसार प्रधानाध्यापकले कुनै पनि शिक्षकको पुरै कक्षा अवलोकन गर्न चाहे पनि गर्न गाह्रो छ ।

### ४.३.२ विद्यालयको वार्षिक योजना तथा कार्यक्रम निर्माण

वार्षिक कार्यतालिकाले विद्यालयको शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न, शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारिता ल्याउन, अपेक्षित उपलब्धिहरू प्राप्त गर्न तथा विद्यार्थीहरूपमा व्यवहारिक परिवर्तन ल्याउनका लागि विद्यालयले वार्षिक योजना तथा कार्यक्रम बनाउनु पर्दछ । विद्यालयहरूमा विद्यालय सुधार योजना बनाए पनि त्यस बमोजिम कार्य नभएको पाइएको छ । उक्त योजनाका अधिनमा रही वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्नेमा त्यसो नगरी आवश्यकता अनुसार व्यवस्थापन समतिको बैठक बसेर कार्यक्रम निर्माण गरी लागु गर्ने गरेको पाइयो । यस प्रकार योजनाको आधारमा नभएर निर्णयका आधारमा कार्यक्रम सञ्चालन भएको देखिन्छ ।

### ४.३.३ शैक्षिक सामग्रीहरूको सङ्ग्रह र प्रयोग

विद्यालय व्यवस्थापन समितिले विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्नु पर्दछ । नियम २५ 'झ' पनि कुनै कुनै सामग्रीहरू त शिक्षक विद्यार्थीहरूले निर्माण गर्न नसक्ने र बजारबाट खरिद गर्नको लागि आवश्यक मौजुदा विद्यालयले जुटाउन नसक्दा शिक्षण सिकाई उद्देश्यलाई पूरा गर्न नसकेको कुरा पनि विद्यालयका प्रधानाध्यापकले यस अध्ययनको क्रममा बताएका थिए । शिक्षण क्रियाकलापमा आधुनिक सूचना प्रविधिको प्रयोग प्रोत्साहित गर्न नसकिएको अवस्था छ । कम्प्यूटर, प्रोजेक्टर जस्ता सामग्रीहरूको प्रयोगमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न नसकिएको र उक्त सामग्रीहरूको व्यवस्थापन आर्थिक कारणले गर्न नसकिएको जानकारी प्राप्त भएको छ । तसर्थ यस्ता सामग्रीहरूको व्यवस्थापन गरी प्रयोगका लागि सम्बद्ध शिक्षकहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनु **आवश्यक ठानिएको छ ।**

### ४.३.४ विद्यालय व्यवस्थापन समितिको संलग्नता

सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि विद्यालय व्यवस्थापन समितको गठन गर्ने व्यवस्था गरिएको छ । उक्त व्यवस्थापन

समितिले विद्यालय सञ्चालनको लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने, विद्यालयको चल अचल सम्पत्तिको लगत राख्न लगाउने, सो को सुरक्षा गर्ने लगायत विद्यालयको सञ्चालनमा प्रधानाध्यापकलाई हरप्रकारले सहयोग गर्नुपर्दछ । (नियम २५ 'क' र 'ख') । यसर्थ व्यवस्थापन समितिको बैठक नियमित रुपमा बस्नुपर्दछ र उक्त बैठकमा विद्यालयको गतिविधि बारेमा छलफल र अन्तरक्रिया गरेर विद्यालयको प्रगतिको लागि आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने गराउने गर्नुपर्दछ । यसरी बैठक बस्न गाह्रो हुने भएकाले कहिले काही विद्यालयको महत्वपूर्ण योजनालाई निर्णय गर्न नसकी सरोकारवालाहरूले दिने अवसरबाट बञ्चित भएको कुरा पनि बताए । यसको समाधानको लागि व्यवस्थापन समितिलाई सक्रिय बनाउने उपायहरूको खोजी गर्नु पर्दछ ।

### ४.३.५ शैक्षिक सुपरिवेक्षण

कुनैपनि विद्यालयमा नियमित रुपमा निरीक्षण, सुपरीवेक्षण र अनुगमन भएमा आफ्ना लक्ष्य तथा उद्देश्यहरू प्रति सँधै उन्मुख भइरहने कुनै कमीकमजोरी भएका बेलामा सुधार गर्न सकिने भएको हुँदा शिक्षक विद्यार्थी नियमितता, शिक्षकहरूको कार्यसम्पादन स्तर, शिक्षण विधि, शैक्षिक सामग्री उपयोग आदिको नियमित अवलोकन, निरीक्षण तथा सुपरीवेक्षण हुन जरुरी हुन्छ । यसका लागि विद्यालय व्यवस्थापन समितिले विभिन्न उपसमिति बनाएर वा समितिका तर्फबाट अध्यक्षले सो कार्य गर्न सक्छ तर नियमित शैक्षिक सुपरिवेक्षण कार्य व्यवस्थापन समितिका तर्फबाट नभएको जानकारी शिक्षक र प्रधानाध्यापकबाट प्राप्त भएको छ ।

### ४.३.६ अभिलेखको व्यवस्थापन

विद्यालयमा कार्यरत प्रधानाध्यापक शिक्षका तथा कर्मचारीको व्यक्तिगत विवरण, सिटरोल, विदाको अभिलेख, सजाय र पुरस्कारको अभिलेख जि.शि.का तथा स्रोत केन्द्रबाट आएका निर्देशन, अन्य निकायसँग गरिएका पत्रचार, विद्यालयको भौतिक तथा आर्थिक कागजातहरूको अभिलेख लेखा परीक्षकका प्रतिवेदनहरू पनि सँधै खोजेको बेलामा तुरुन्त भेटिने गरी सुरक्षित रुपमा राखिनुपर्ने हुन्छ । छनौट गरिएका ४ वटा विद्यालयका प्रधानाध्यापकलाई विद्यालयको अभिलेख व्यवस्थापन पक्ष के कस्तो रहेको छ भनि जिज्ञासा राख्दा २ जना प्रधानाध्यापक अर्थात ५०% ले व्यवस्थित रुपमा राखेको र २ जना

प्रधानाध्यापक अर्थात ५०% ले भौतिक सामग्री (जस्तै : कम्प्युटर प्रणाली) पर्याप्त कर्मचारीको अभाव भएकोले अभिलेख प्रणाली सन्तोषजनक नभएको बताएका छन् ।

### ४.३.७ विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन

हालका दिनहरूमा विद्यालय व्यवस्थापन समितिमा सर्वपक्षीय प्रतिनिधित्वका नाममा विद्यालयको आवश्यकता र अभिभावकको चाहना भन्दा दलीय अंशवन्डाका आधारमा सदस्यहरू छनौट गर्ने क्रम बढेकोले यो समस्या बढ्दो क्रममा छ । यसै गरी प्रतिनिधित्वका लागि प्रतिनिधि पठाइँदा न्यून क्षमताका सदस्यहरूको उपस्थिति, व्यवस्थापन समितिमा गैह्र अभिभावकहरूको संलग्नता जस्ता कुराहरूले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा वाधा पुगेको देखिएको छ । प्रधानाध्यापकले तयार पारेको योजना ढाँचालाई पास गर्ने र योजना पुस्तिकाको अन्तिम पेजमा कार्यान्वयन गर्ने प्रतिवद्धतामा विद्यालय व्यवस्थापन समिति शिक्षक, अभिभावक संघ, अध्यक्ष तथा स्थानीय निकाय प्रमुखले हस्ताक्षर भने गरेको देखिन्छ । यसै गरी कार्यान्वयन पनि गर्ने गरेको देखिन्छ । अरु सरोकारवालहरूले यसको स्वामित्व लिएको देखिंदैन । यसबाट के प्रष्ट हुन्छ भने विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनका सन्दर्भमा सरोकारवाला बीचको सम्बन्ध सामान्य छ र रचनात्मक हुन सकेको पाइएन ।

## ४.४ सामुदायिक विद्यालय व्यवस्थापनमा देखिएका समस्या समाधानका उपाय

शिक्षाको विकेन्द्रीकरण गरी अभिभावकलाई विद्यालयको स्वामित्व बोध गराउने र शिक्षक अभिभावकसँगको अन्तरक्रिया, शैक्षिक कार्यमा अभिभावकको संलग्नता बढाउने व्यवस्था गरिनु पर्दछ । विद्यालयको योजना तर्जुमा कार्यान्वयन र सुपरिवेक्षणमा समुदायको उच्चतम सहभागिता जुटाउनु पर्ने र समय समयमा योजनाको समीक्षा गर्नुपर्दछ । माथि उल्लेखित समस्या समाधान गर्न विद्यालय तहमा हुने व्यवस्थापन कार्यहरूमा सुधार ल्याउनका अतिरिक्त निम्न कार्यहरू गरिनु पर्दछ ।

### ४.४.१ प्रधानाध्यापकलाई सक्रिय गराउने

विद्यालयमा शैक्षिक सुधार प्रभावकारी बनाउनका लागि प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुन्छ । यस कारण प्रधानाध्यापकबाट निश्चित समयको अन्तरालमा शिक्षकहरूको निरन्तर कक्षा अवलोकन गरी आवश्यक मात्रामा शिक्षकहरूलाई पूर्व कक्षा

अवलोकनको माध्यमबाट पृष्ठपोषण प्रदान गरिनु पर्ने सुझाव शिक्षकबाट प्राप्त भएको छ ।

**४.४.२ शैक्षिक सामग्रीको व्यवस्था**

शिक्षण सिकाईलाई सहज र प्रभावकारी तुल्याई विद्यार्थीको सिकाई क्षमतालाई अभिवृद्धि गर्न शैक्षिक सामग्रीहरूको समुचित रुपमा प्रयोग तथा व्यवस्थापन गर्नुपर्ने महसुस गरेका छन् । विधुतीय शैक्षिक सामग्रीको प्रयोगमा जोड दिइनु पर्ने यसका लागि शिक्षकहरूको क्षमता विकास पनि सँगसँगै गरिनु पर्नेमा सम्बद्ध शिक्षकहरूको भनाई रहेको छ ।

**४.४.३ निरन्तर मूल्याङ्कन प्रणाली**

हाल विद्यालयमा आधारभूत तहको तल्लो कक्षाहरूमा मात्र निरन्तर मूल्याङ्कन गर्ने परीपाटी रहि आएको र माथिल्लो तहमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा प्रणाली मात्र सञ्चालनमा रहेकाले उक्त प्रणालीले विद्यार्थीहरूको सिकाइ उपलब्धि उत्साहजनक नरहेकाले निरन्तर मूल्याङ्कन प्रणाली सबै कक्षाहरूमा लागु गर्नु पर्ने देखिन्छ । विद्यालयहरूमा मूल्याङ्कन प्रणाली लागु गरी शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाइनु पर्ने देखिन्छ ।

**४.४.४ शिक्षक तालिमको कार्यान्वयनको व्यवस्था**

ज्ञान र सीपलाई हरदम परिस्कृत र परिमार्जित तुल्यायी राख्न शिक्षकहरूलाई आवश्यकतामा आधारित तालिमको व्यवस्था भएमा शिक्षण सिकाइमा अझ सुधार ल्याउन सकिने सबै उत्तरदाताले बताए ।

**४.४.५ प्रोत्साहनका कार्यहरू**

सिकाइ उपलब्धि वृद्धि गर्न व्यवस्थापन समतिले विशेष निर्णय गरी कार्यान्वयन गरिनुपर्ने र उपलब्धिका आधारमा शिक्षकहरूलाई प्रोत्साहन वा पुरस्कारको व्यवस्था **गरिनु पर्ने धारणा सम्बद्ध वि. व्य. स. प्रतिनिधि तथा शिक्षकहरूले राखेका थिए ।**

**४.४.६ छलफल अन्तरक्रियाको आयोजना**

शिक्षक, कर्मचारी, अभिभावक र विद्यालय व्यवस्थापन समितिको नियमित अन्तरक्रियाको आयोजना गरी विद्यालयको समग्र समस्या समाधान गर्न सकिन्छ र

यसले सम्पूर्ण सरोकारवालाहरूको बीचको सम्बन्धलाई दरिलो बनाउन मद्दत पुग्ने बिचार विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूको रहेको छ । नियमित रुपमा आम भेला बोलाई आर्थिक, शैक्षिक उपलब्धि तथा आगामी वर्षको कार्यक्रमको जानकारी गराई विद्यालय सञ्चालन गरिनु बाञ्छनीय देखिन्छ ।

### ४.४.७ गुनासो तथा परामर्श सेवा

अभिभावक, विद्यार्थी तथा शिक्षक कर्मचारीको गुनासो सुन्ने र आवश्यक परामर्श सेवा प्रदान गर्न शिक्षकहरूका बीचमा कार्य विभाजन गरी गुनासो तथा परामर्श सेवा सम्बन्धी विभागको व्यवस्था गरिनु पर्दछ । यसले अभिभावक, शिक्षक, कर्मचारी र विद्यार्थीहरू बीच सुमधुर सम्बन्ध रहन गई शिक्षण सिकाई सुधारमा पनि सकरात्मक असर पर्ने सुझाव अभिभावक तथा शिक्षकहरूबाट प्राप्त भएको छ ।

### ४.४.८ वार्षिक कार्ययोजनामा निर्माण

विद्यालय सुधार योजनाका अधिनमा रहि वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्नेमा त्यसो नगरी आवश्यकता अनुसार व्यवस्थापन समितिको बैठक बसेर कार्यक्रम निर्माण गरी लागु गर्ने गरेको पाइयो । यस प्रकार योजनाका आधारमा नभएर निर्णयका आधारमा कार्यक्रम सञ्चालन भएको देखिन्छ । यस समस्या समाधानका लागि सबै सरोकारवालाहरूको संलग्नतामा वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनुपर्ने आम धारणा रहेको छ ।

# परिच्छेद पाँच

# निश्कर्ष र सुझावहरू

इलाम र झापा जिल्लाका गरी चारवटा सामुदायिक माध्यमिक विद्यालयहरूको “सामुदायिक विद्यालय विकासमा व्यवस्थापन समितिको जिम्मेवारी” शीर्षकमा गरिएको अनुसन्धानबाट प्राप्त तथ्याङ्कको विश्लेषण अनुसार निम्नानुसारको निष्कर्ष निकालिएको र सोही आधारमा सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

शिक्षा नियमावली २०५९ (छैटौं संसोधन २०६७) ले विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार अन्तरगत महत्वपूर्ण भूमिका अपेक्षा गरेको छ । उक्त नियमावलीले निर्धारण गरेको भूमिकाको अपेक्षामा कार्यान्वयन नभएको पाइएको छ । नियमित बस्नु पर्ने बैठक नबसेको देखिन्छ भने नियमित रुपमा आम भेला बोलाई, आर्थिक, शैक्षिक उपलब्धि तथा आगामी वर्षको कार्यक्रमको जानकारी नगराएको पाइएको छ । शिक्षकहरूलाई तालिममा छनौट गरी पठाउने कानुनी व्यवस्था कार्यान्वयन नभएको देखिन्छ । शिक्षक तथा विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता निर्धारण गर्नुपर्नेमा सो नभएको देखिन्छ ।

यस अध्ययनबाट विद्यार्थीको निरन्तर मूल्याङ्कन प्रणालीले विद्यालयको शैक्षिक विकासमा सकरात्मक प्रतिफल प्राप्त हुने निश्कर्ष निकालिएको छ । यस प्रणालीका केही आधारहरूलाई सम्बन्धित विद्यालयका सिमित शिक्षकहरूबाट मात्र अभ्यासमा ल्याएको पाइयो । यसको पूर्ण कार्यान्वयन नभएको अवस्था विद्यमान छ । सिकाई उपलब्धि वृद्धि गर्न सुधारका उपायहरूको खोजी नभएको र परम्परागत ढंगबाट शिक्षण सिकाई कार्य भएको देखियो ।

व्यवस्थित प्रयोगशाला तथा समृद्ध पुस्तकालयको अभाव र आधुनिक विधुतीय सूचना प्रविधिको उपयोगलाई प्रोत्साहित नगरिएको पाइयो । शिक्षकहरूको शैक्षिक क्षमता अभिवृद्धि गर्नका लागि आवश्यकताको पहिचान गरी विषयगत तालिम, गोष्ठी अन्तरक्रिया जस्ता कार्यक्रमहरू स्थानीय स्तरमा सञ्चालन नभएको र अनुसन्धान र प्रकाशनका कार्यहरूमा शिक्षकहरूलाई प्रोत्साहित नगरिएको पाइयो । आन्तरिक दक्षता

वृद्धि गर्न शिक्षकहरूलाई कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्था नभएको देखियो । विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट नियमित निरीक्षण तथा अनुगमन नहुँदा व्यवस्थापन समितिको प्रभावकारी सक्रियताको सर्वथा अभावको स्थिति छ । विद्यालयका विद्यालय व्यवस्थापन समितिले शिक्षक, कर्मचारी समेतको संयुक्त बैठकको आयोजना गरी विद्यालयको समग्र विकासको रणनीति तय गर्ने परिपाटी देखिएन । विद्यालयमा शिक्षक नियुक्तिदेखि लिएर हरेक क्रियाकलापमा राजनीतिक हस्तक्षेप भएको देखिन्छ । शिक्षकहरूको योग्यता, क्षमता र विषयवस्तुको ज्ञानका आधारमा नभएर जातीय र दलगत आधारमा विद्यालयमा शिक्षक नियुक्ति गरिने हुँदा स्तरीय शिक्षाको अभावमा विद्यालयको शैक्षिक गुणस्तर दिनानुदिन खस्कँदै गएको पाइएको छ ।

विद्यालय सुव्यवस्थापनका लागि विद्यार्थी शिक्षक, भौतिक, आर्थिक तथा शैक्षिक व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु पर्दछ । यि सबै पक्षहरूमा विद्यालय व्यवस्थापन समितिले शिक्षा, ऐन, नियम, समाजको आवश्यकता र चाहना तथा विद्यालयको भूमिकालाई दृष्टीगत गरी कार्य गर्नुपर्दछ । विद्यालय व्यवस्थापन समितिको गठन, पठनपाठनमा प्रत्यक्ष सरोकार राख्ने अभिभावक विद्यालयको स्थापना र विकासमा टेवा पुऱ्याउने स्थानीय व्यक्तिहरू समेत समावेश हुने गरी प्रजातान्त्रिक प्रक्रियाबाट गरी त्यसलाई थप अधिकार सम्पन्न बनाइनु पर्दछ । भौतिक व्यवस्थापन, मानव संसाधन व्यवस्थापन, विद्यार्थी कल्याण, विद्यार्थी अनुशासन, परीक्षा सञ्चालन तथा त्यसको मूल्याङ्कन लगायतका कार्यहरूमा विद्यालय व्यवस्थापन समितिले शिक्षक तथा अभिभावकसँग छलफल तथा अन्तरक्रिया गरी निचोडमा पुगेर काम गर्नुपर्दछ । विद्यालयको आन्तरिक दक्षता वृद्धि गर्नका लागि भौतिक पक्षको अत्यन्त महत्वपूर्ण भूमिका रहने हुनाले त्यसका लागि अभिभावक तथा समुदायलाई सहभागी बनाई सहयोग लिनुपर्दछ । योजना छनौट कार्यान्वयन र अनुगमन जस्ता विकासका चरणहरूमा समुदायहरूलाई सहभागी गराइनु पर्दछ । दिगो आर्थिक स्रोत व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिले दीर्घकालीन सोच बनाउनुपर्दछ । विद्यालयको सर्वोच्च अङ्गको रुपमा रहेको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू शिक्षासँग सम्बन्धित कुराहरूको सुझबुझ गर्न सक्ने, समुदायको प्रतिनिधित्व गर्न सक्ने क्षमतावान चुनिनु पर्दछ ।

राजनैतिक हस्तक्षेपबाट विद्यालय र विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियालाई मुक्त गरिनु पर्दछ यसो भएको खण्डमा विद्यालयले समग्र विकासको फड्को मार्न सक्ने देखिन्छ ।

## ५.२ सुझावहरू

यो अनुसन्धानको निष्कर्षका आधारमा सरोकारवाला सबैका लागि उपयोगी बन्न सक्ने निम्नलिखित नीतिगत, अभ्यास र अनुसन्धानात्मक तहका सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालय सुधार योजना निर्माण गर्दा समुदायको प्रत्यक्ष सहभागीतालाई ध्यान दिइनु पर्दछ । विद्यालयको समग्र विकासका लागि विद्यालयको तत्कालीन आवश्यकता, दीर्घकालीन सोच र उपलब्ध भौतिक, आर्थिक एवम् मानवीय स्रोत साधनलाई ध्यान दिनु पर्दछ ।

विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा समावेशीकरणको मान्यतालाई आत्मसात गरिनु पर्ने देखिन्छ । यसका लागि वि.व्य.स.ले समितिमा महिलाको संख्यामा वृद्धि गरिनु पर्ने, जाति जनजातिहरूको समुचित प्रतिनिधित्व गरिनु पर्ने र स्थानीय निकायको निर्वाचन नभएको अवस्थामा गाउँ विकास समितिका सचिवलाई प्रतिनिधित्व गरिने व्यवस्था नीतिगत रुपमा गरिनुपर्ने सुझाव दिन सकिन्छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक र प्रधानाध्यापकको संयुक्त बैठक बसी विद्यालयका शैक्षिक गतिविधिमा देखा परेका समस्या र तिनको समाधानका लागि न्यूनतम एक शैक्षिक सत्रमा २ पटक छलफल र अन्तरक्रिया गर्ने व्यवस्था नीतिगत रुपमा गर्नुपर्ने देखिन्छ । विद्यालय तहमा हुने व्यवस्थापन कार्यहरूमा सुधार ल्याउनुपर्छ । शिक्षाको विकेन्द्रीकरण गरी अभिभावकसँगको अन्तरक्रिया, शैक्षिक कार्यमा अभिभावकको संलग्नता बढाउने नीतिगत व्यवस्था गरिनु पर्दछ । विद्यालयको योजना तर्जुमा, कार्यान्वयन र सुपरीवेक्षणमा समुदायको उच्चतम सहभागिता जुटाउनु पर्ने समय सन्दर्भमा योजनाको समीक्षा गर्नु पर्ने देखिन्छ । यसले विद्यालयको काम कारवाहीको पारदर्शिता र सामुदायिक संलग्नतालाई प्रत्याभूत गर्दछ । विशेषगरी शैक्षिक वर्ष शुरु हुनुभन्दा अगावै योजना

निर्माण गरी कार्ययोजनाको रुपमा नयाँ शैक्षिक सत्र सँगै कार्यान्वयन गर्न शुरु गर्नुपर्ने पनि नीतिगत रुपमा सुझाव प्रस्तुत गर्न सकिन्छ ।

**५.२.२ अभ्यास तह**

व्यवस्थापन समितिको पदाधिकारीहरूको नेतृत्व बढाउने योजना निर्माण गर्न र कार्यान्वयन गर्न सक्ने, अनुगमन र मूल्याङ्कन गरी योजनालाई सफल बनाउन सक्ने जस्ता कार्यहरूमा क्षमता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने सुझाव दिइएको छ ।

तालिमबाट प्राप्त भएका सीपलाई कक्षा शिक्षणमा प्रयोग गर्ने वातावरण तयार गरिनु पर्दछ । दैनिक पाठयोजना निर्माण स्थानीय शैक्षिक सामग्रीको प्रयोग र विद्यार्थी केन्द्रित शिक्षण विधिलाई थप प्रोत्साहित गरिनुपर्दछ । यसका लागि शिक्षकहरूको नियमित उपस्थितिमा जोड दिने र उपलब्धिका आधारमा पुरस्कारको व्यवस्था गर्न सकिन्छ । विद्यालयमा स्थानीय परिवेश र पहुँचमा आधारित शैक्षिक सामग्रीको प्रयोगलाई प्राथमिकता दिई त्यसका लागि विद्यालयको भौतिक पूर्वाधारको उपयुक्त विकासमा जोड दिन आवश्यक छ । विद्यार्थी संख्याको आधारमा उपयुक्त कक्षा कोठा, फर्निचर र शैक्षिक सामग्री व्यवस्थापनमा पनि ध्यान पुऱ्याउनुपर्छ । यसका लागि दीर्घकालीन गुरु योजना निर्माण गरी कार्यान्वयनमा लैजानु पर्दछ । विद्यालयको शैक्षिक व्यवस्थापन सुधार सम्बन्धी जिम्मेवारीमा व्यवस्थापन समितिले प्रधानाध्यापक मार्फत विद्यालयमा अनिवार्य रुपमा वार्षिक, एकाइगत, साप्ताहिक र दैनिक शैक्षणिक योजनाहरू बनाई लागु गर्नुपर्दछ ।

शिक्षण विधिलाई आधुनिकीकरण गर्न शैक्षिक सामग्री निर्माण र प्रयोगमा विशेष जोड दिने विषयगत रुपमा देखा परेका समस्याहरूलाई शिक्षकहरू बीच छलफल गराई समस्यालाई सुल्झाउने र शिक्षणलाई अझै अर्थपूर्ण र क्रियाकलाप मुलक बनाउन आधुनिक विधुतीय सामग्रीहरूको प्रयोगमा जोड दिइनु पर्दछ । यस्ता आधुनिक विधुतीय सामग्रीहरूका प्रयोग सम्बन्धी तालिमको व्यवस्था गरिनुपर्ने देखिन्छ ।

उपलब्ध भौतिक, आर्थिक र मानवीय स्रोत साधनको अधिकतम प्रयोग गर्दै अन्य स्रोत साधनहरू जुटाउन प्रयासरत रहनुपर्दछ । शिक्षा ऐन तथा नियमावलीले प्रस्तुत गरेको नीति नियम तथा आचार संहिताको पूर्ण रुपमा पालना गर्ने गराउने व्यवस्था मिलाउनु पर्छ । शिक्षक बैठक, विद्यालय व्यवस्थापन समिति बैठक, शिक्षक अभिभावक

संक बैठक, विद्यार्थीहरूसँग औपचारिक भेटघाटलाई विषयगत बनाई नियमित सञ्चालन गर्नुपर्ने विद्यालयको आन्तरिक कार्य सञ्चालन गर्न इच्छा र क्षमताका आधारमा विवेकपूर्ण कार्य विभाजनमा जोड दिनुपर्ने देखिन्छ ।

यसैगरी जनसहभागिता जुटाउनु, उत्प्रेरित गरी रहनु पर्ने स्पष्टता, निष्पक्षता र पादर्शीतालाई सधैं जीवन्त राख्न लगाउने, कार्यको जिम्मेवारी र जवाफदाहिता लिने, संस्कृतिको निर्माण गर्नुपर्ने जिम्मेवारी पनि विद्यालय व्यवस्थापन समितिले नै लिनुपर्छ । विद्यालय हातालाई सिकाइ मैत्री बनाउन सरोकारवालालाई उत्प्रेरित गर्ने, विद्यालय हाता आचार संहिता निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि निरन्तर सहजीकरण अनुगमन गर्ने तथा प्रतिक्रियाहरूलाई व्यवस्थित गर्ने जस्ता सुझाव अभ्यासगत तहका लागि प्रस्तुत गर्न सकिन्छ ।

### ५.२.३ अनुसन्धान तह

इलाम र झापा जिल्लाका गरी चारवटा सामुदायिक माध्यमिक विद्यालयहरूमा मात्र सिमित रही गरिएको प्रस्तुत शीर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्वद्ध निकायले राष्ट्रिय स्तरको गहन अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

साना क्षेत्रको यस अध्ययनले आगामी अनुसन्धानलाई महत्वपूर्ण मार्ग दर्शन प्रदान गर्ने छ । यो अध्ययनसँग नजिक रहेर थप अनुसन्धानात्मक कार्यहरू गर्न सामुदायिक र संस्थागत विद्यालयको व्यवस्थापनको तुलनात्मक अध्ययन, विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यहरूको भूमिका, विद्यालय सुधार योजनाको कार्यान्वयन स्थिति, सामुदायिक तथा संस्थागत विद्यालयहरूको शैक्षिक उपलब्धीहरूको तुलनात्मक अध्ययन जस्ता बिषयहरूमा थप अध्ययन गर्न सकिन्छ ।

# सन्दर्भ सुची

अधिकारी, विष्णुमाया, (२०५९), ललितपुर जिल्लाका सार्वजनिक विद्यालयहरूका समस्या ।

कटुवाल, ओम बहादुर (२०६९) *प्रधानाध्यापकको नेतृत्वले शैक्षिक व्यवस्थापनमा पारेको प्रभाव*

(अप्रकाशित स्नातकोत्तर शोधपत्र) मोरङ्ग, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना ।

कार्की, उपेन्द्र कुमार, (२०४९), शिक्षाको आधार, काठमाण्डौ : भृकुटी पुस्तक तथा मसलन्द भण्डार ।)

कालाखेती, धर्मकुमारी (२०६८), *विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता*

(अप्रकाशित स्नातकोत्तर शोधपत्र) शैक्षिक योजना तथा व्यवस्थापन विभाग (२०६७), तेस्रो

चौमासिक बुलेटीन २०६६/२०६७ काठमाण्डौं केन्द्रीय तथ्याङ्क विभाग ।

कोइराला, पार्वती देवी (२०६३), *तनहुँ जिल्लाको सामुदायिक माध्यमिक विद्यालयमा शिक्षण सिकाइ सुधारका लागि प्रधानाध्यापकको व्यवस्थापकीय भूमिका एक अध्ययन,* ( अप्रकाशित स्नातकोत्तर शोधपत्र) काठमाण्डौं शैक्षिक योजना तथा व्यवस्थापन विभाग महेन्द्ररत्न क्याम्पस ताहचल ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०६२) *शैक्षिक व्यवस्थापन संगठनात्मक व्यवहार* काठमाण्डौ, विद्यार्थी पुस्तक भोटाहिटी ।

निरौला, होमनाथ (२०६८), *इलाम जिल्लाको संस्थागत र सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक व्यवस्थापन प्रक्रियाबाट शैक्षिक उपलब्धिमा पारेको प्रभाव एक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) काठमाण्डौं शैक्षिक योजना तथा व्यवस्थापन विभाग महेन्द्ररत्न क्याम्पस ताहचल ।

रविन्द्र, कुमार (२०६४), *काठमाण्डौ जिल्लाको महानगरपालिका तथा ग्रामीण क्षेत्रका सामुदायिक प्राथमिक विद्यालयहरूको शैक्षिक तथा व्यवस्थापनमा प्रधानाध्यापकको*

*भूमिका र त्यसको प्रभावकारिता एक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) काठमाण्डौं शैक्षिक योजना तथा व्यवस्थापन विभाग महेन्द्ररत्न क्याम्पस ताहचल ।

भट्टराई, ईश्वरी प्रसाद (२०६१), *विद्यालयीय शिक्षा, सुधारका लागि प्रधानाध्यापक शिक्षक तथा समाजसेवीको भूमिकाको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) काठमाण्डौं शैक्षिक योजना तथा व्यवस्थापन विभाग महेन्द्ररत्न क्याम्पस ताहचल ।

मैनाली, रमेशप्रसाद, (२०५६), विद्यालय सु-व्यवस्थापनमा प्रधानाध्यापकहरूले सामना गर्नु परेका कठिनाइहरू एक अध्ययन (अप्रकाशित शोधपत्र) काठमाण्डौः शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्र रत्न ताहचल) ।

बस्न्यात, खगेन्द्र, (२०६०), सबैका लागि शिक्षा, *शैक्षिक ज्योति* (१ वर्ष १ अंक २ मंसिर र पुस २०६०, काठमाण्डौ शैक्षिक ज्योति प्रकाशन)

राई, कुमारी (२०६८), *प्राथमिक विद्यालय व्यवस्थापनका समस्याहरू,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), मोरङ शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुकुना बहुमुखी क्याम्पस ।

शर्मा, गोपीनाथ, (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाण्डौः मकालु एण्ड पब्लीयर्स) ।

शर्मा, चिरञ्जीवी, शर्मा निर्मला, (२०५३), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* भोटाहिटी काठमाण्डौ : एम के पब्लियर्स एण्ड डिस्टीब्युटर्स) ।

क्षेत्री, ओमप्रकाश (२०५८), *भौतिक स्रोत व्यवस्थापनले सिकाई उपलब्धिमा पारेको प्रभाव,* ( अप्रकाशित स्नातकोत्तर शोधपत्र), मोरङ शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुकुना बहुमुखी क्याम्पस ।

C.B.S (2012) *National Population & Housing Census 2011* (National Report) Kathmandu : Nationl Planning Commission Secretariatc Central Bureau of Statistics (CBS)

# सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समिति

## अनुसूची-१

प्रधानाध्यापकसँग सोधिने प्रश्नावलीको नमूना

विद्यालयको नाम :

प्र.अ.को नाम :

कार्य अनुभव :

१. तपाईंको विद्यालयलाई अहिलेको अवस्थामा नै राख्न के गर्नु हुन्छ ?

(क) पूर्ण सहमत (ख) केही मात्र सहमत (ग) असमर्थन (घ) अन्य........

२. विद्यालयमा विद्यार्थीको माग अनुसार पुस्तक छ छैन ? छैन भने किन ?

(क) पैशाको अभावले (ख) पुस्तकालय भवनको अभावले (ग) अन्य

३. तपाईंको विचारमा विद्याललीय शिक्षालाई प्रभावकारी बनाउन के-के गर्नुपर्छ ?

(क) पुस्तकालय हुनुपर्दछ (ख) तालिम प्राप्त शिक्षक र सामग्रीको व्यवस्था हुनुपर्दछ

(ग) समुदायको सहयोग र सुझाव आवश्यक हुनुपर्दछ (घ) अन्य

४. तपाईंको विद्यालयको प्रमुख आर्थिक स्रोत कुन हो ?

(क) जिल्ला शिक्षाबाट प्राप्त रकम (ख) विद्यालयको घरजग्गाबाट प्राप्त रकम

(ग) चन्दादाताले दिएको रकम (घ) अन्य

५. तपाईंको विद्यालयमा आन्तरिक तथा वाह्य प्रभावकारिता ल्याउन के गर्नु वेश होला ?

(क) विद्यार्थी व्यवस्थापन राम्रो हुनुपर्छ (ख) शिक्षक व्यवस्थापन राम्रो हुनुपर्छ

(ग) भौतिक सामग्री व्यवस्थापनमा सुधार (घ) अन्य

६. तपाईंको प्रशासनिक काम कारवाहिमा समुदायको सहभागिता कस्तो छ ?

(क) अत्याधिक छ (ख) केही मात्रा छ (ग) छदैछैन (घ) अन्य

७. तपाईंको यस विद्यालयमा विद्यार्थीहरूको अभिलेख राख्ने चलन छ ?

(क) छ (ख) छैन

८. यदि छ भने कस्ता प्रकारका कुराहरूको अभिलेख राखिन्छ ?

(क) घटनावृत्त अभिलेख (ख) पारिवारिक अभिलेख

(ग) विद्यार्थी प्रगति सम्बन्धी (घ) अन्य

९. तपाई कार्य विभाजन गर्दा आफ्नो अर्को छुट्याउनु हुन्छ ?

(क) छुट्याउँछु (ख) छुट्याउँदिन

१०. यदि हुन्छ भने केका आधारमा कार्य विभाजन हुन्छ ?

(क) कार्य सम्पादनका आधारमा (ख) विद्यालयको आवश्यकता अनुसार

(ग) तालिमको आधारमा (ग) अन्य

११. तपाईं आफ्नो विद्यालयको गत वर्षको एस.एल.सी. परीक्षाको परिणामबाट सन्तुष्ट हुनुहुन्छ ?

(क) छु (ख) छैन

१२. यदि हुन्न भने तपाईं कुन कुरालाई तपाईं दोश दिनु हुन्छ ?

(क) तालिम प्राप्त शिक्षकको अभाव

(ख) विद्यालयको भौतिक वातावरण उपयुक्त नहुनु (ग) शैक्षिक सामग्रीको अभाव

(घ) अन्य

१३. एउटा संगठनको प्रशासन भएर संस्थालाई हाँक्नु सजिलो छ ?

(क) ज्यादै असजिलो (ख) सजिलो छ

(ग) सबैले पूरा गर्छन् (घ) अन्य

१४. तपाईंको विद्यालयमा सवै शिक्षक शिक्षिकाले आफ्नो कर्तव्य पूरा गर्छन् ?

(क) केहीले मात्र गर्छन् (ख) गर्दैनन्

(ग) सबैले पूरा गर्छन् (घ) अन्य

१५. तपाईंको बिचारमा विद्यालयको कुशल सञ्चालनमा समुदायको सहयोग आवश्यक छ ?

(क) अति आवश्यक छ (ख) आवश्यक छैन (ग) अन्य

१६. विद्यालयमा प्रशासनिक निर्णयहरू गर्दा कसरी गर्नुहुन्छ ?

(क) आफै मात्र गर्नुहुन्छ (ख) विद्यालयका शिक्षक कर्मचारीलाई समावेश गर्नुहुन्छ

(ग) समुदायको सहयोगमा शिक्षक कर्मचारी समेत मिलेर गर्नुहुन्छ (घ) अन्य

१७. तपाईंले शिक्षकहरूलार्य तालिमको सिफारीस गर्नु पर्दा के कुरामा ध्यान दिनुहुन्छ ?

(क) ज्यष्ठतालाई (ख) पहुँचवालालाई (ग) उसको योग्यतालाई (घ) अन्य

१८. तपाईंको विद्यालयमा भौतिक सामग्री जुटाउँदा के गर्नु हुन्छ ?

(क) समुदायलाई आह्वान गर्नुहुन्छ। (ख) विद्यालयको कोषबाट खर्च गर्नुहुन्छ।

(ग) खर्च नै नगरी काम चलाउनु हुन्छ। (घ) अन्य

१९. विद्यालयमा आवश्यक मात्रामा खानेपानी, पुस्तकालय र शौचालय सुविधा छ ?

(क) छ (ख) केही मात्र छ (ग) छैन (घ) अन्य

२०) तपाईंको विद्यालयमा विद्यार्थी परामर्श सेवा र निर्देशन गर्ने चलन छ ?

क) छ ख) छैन

२१) यदि छ भने कस्ता कस्ता व्यक्तिलाई यो सेवा दिनु हुन्छ ?

क) पढाइमा कमजोर विद्यार्थीलाई ख) खराब आचरण भएका विद्यार्थीलाई

ग) राम्रा नराम्रा विद्यार्थीलाई घ) अन्य

२२) तपाईंको विद्यालाय राम्रो पढ्ने विद्यार्थीलाई के कस्ता सुविधा दिनु हुन्छ ?

क) नि : शुल्क शिक्षा ख) शैक्षिक सामाग्री मात्र

ग) छात्रवृति घ) अन्य

२३) विद्यार्थीलाई प्रभावकारी पार्न अतिरिक्त क्रियाकलाप आवश्यक छ ?

क) छ ख) छैन

२४) तपाईंको विचारमा विद्यालय व्यवस्थापन समितिको दृष्टिकोण कस्तो रहेको छ ?

क) राम्रो    ख) ठीकठीकै    ग) नराम्रो

२५) विद्यालय व्यवस्थापन समितिको आवश्यकता रहेको छ ?

क) छ    ख) छैन

२६) छैन भने विद्यालय व्यवस्थापनमा समितिको सट्टामा कस्तो संयन्त्र आवश्यक भएको महशुस गर्नु भएको छ ?

२७) तपाईंको विद्यालयमा शिक्षक विद्यार्थी अनुपात कस्तो रहेको छ ?

२८) विद्यालय व्यवस्थापन समितिले गरेका उल्लेखनिय कार्यहरु के-के हुन ?

२९) विद्यालय व्यवस्थापन समितिले गरेका कार्यहरु के-के हुन् ?

३०) विद्यालयको शैक्षिक विकासका लागि व्यवस्थापन समितिले गर्नु पर्ने कार्य के-के हुन् ?

## सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समिति

अनुसूची-२

शिक्षा प्रेमी, समाजसेवी र अभिभावकसँग सोधिने प्रश्नावलीको नमूना

नाम :

पेशा :

ठेगाना :

१. सरकारी विद्यालयको गुणस्तर खस्कनको जिम्मेवारी छ र किन ?

२. सरकारी विद्यालयको गुणस्तर वृद्धिका लागि के कस्ता उपायहरू अपनाउँदा राम्रो हुन्छ ?

३. तपाईंको समुदायमा भएको विद्यालयको अवस्था कस्तो छ ?

(क) अत्ति उत्तम (ख) उत्तम (ग) मध्यम

(घ) कामै नलाग्ने (ङ) अन्य

४. तपाईंले विद्यालयलाई केही सहयोग गर्नु भएको छ ?

(क) छ (ख) छैन

५. यदि छ भने कस्तो खाले सहयोग गर्नु भएको छ ?

(क) भौतिक (ख) आर्थिक (ग) प्रविधि (घ) अन्य

६. विद्यालय व्यवस्थापन तपाईं हुनुहुन्छ ?

(क) छु (ख) छैन

७. विद्यालयमा भौतिक तथा आर्थिक उन्नतिका लागि के के गरिनुपर्छ ?

८. तपाईंलाई विद्यालयका शिक्षकहरूले आफ्नो बाल बच्चाको शैक्षिक प्रगतिबाट जानकारी गराउँछन् ?

९. विद्यालयमा शिक्षक/शिक्षिकाहरू विद्यालय समयमा आउने जाने गरेका छन् ?

(क) छन् (ख) छैनन्

१०. तपाईंले आफ्नो बच्चाहरू कुन विद्यालयमा पढाउँदै हुनुहुन्छ ?

(क) सरकारी (ख) निजी

११. तपाईंको सामुदायिक विद्यालयमा शिक्षक शिक्षिकाहरू बीच बेमेल हुने गर्दछ ?

(क) गर्छ (ख) गर्दैन

१२. विद्यालयलाई राजनीति गर्ने थलो बाउनु हुँदैनन् भन्छन् नि यसमा तपाईंको बिचार के छ ?

१३. विद्यालयमा विषयगत शिक्षकले कस्तो पढाउँछन् ?

(क) राम्रो (ख) नराम्रो (ग) अन्य

१४. तपाईं विद्यालयको शैक्षिक स्तरदेखि सन्तुष्टी हुनुहुन्छ ?

(क) छु (ख) छैन

१५. यदि हुनुहुन्न भने किन ?

१६. सरकारी अनुदानमा सञ्चालित विद्यालयलाई प्रभावकारी बनाउन के गर्नु पर्ला ?

१७. विद्याललीय शिक्षालाई प्रभावकारी बनाउन समाजसेवी र शिक्षाप्रेमीहरूको भूमिका कस्तो हुन्छ ?

## सामुदायिक विद्यालयको शैक्षिक विकासमा व्यवस्थापन समिति

अनुसूची-३

विद्यालय व्यवस्थापन समितिका पूर्व तथा वर्तमान पदाधिकारीहरूसँग सोधिने प्रश्नावलीको नमूना

नाम :

पद :

ठेगाना :

१. तपाईंले देख्नु र भोग्नु भएको विद्यालयका शैक्षिक समस्याहरू के के छन् ?

२. विद्यालय शैक्षिक विकासका लागि तपाईंका अन्य केही सुझावहरू छन् कि ?

३. तपाईंको विद्यालयमा भौतिक तथा आर्थिक सुविधा कतैबाट आएको छ ?

(क) छ (ख) छैन

४. तपाईंको विद्यालयमा सरकारी नीति नियम बाहेकका अरु कुनै नीति नियम छ ?

(क) छ (ख) छैन

५. सरकारी र निजी विद्यालयमा किन अन्तर देखिएको होला ?

(क) शिक्षण प्रक्रियामा फरक हुनु (ख) दरवन्दि र तालिम प्राप्त शिक्षक नहुनु

(ग) राजनैतिक दबाब (घ) अन्य

६. तपाईंको बिचारमा विद्यालय व्यवस्थापन समितिको भूमिका कस्तो रहेको छ ?

(क) राम्रो (ख) ठिकठिकै (ग) नराम्रो

७. तपाईं व्यवस्थापन समितिमा कसरी चयन हुनु भयो ?

८. तपाईं विद्यालयमा बैठक बाहेक अन्य समयमा अनुगमन र निरीक्षण जानु हुन्छ ?

(क) जान्छु (ख) जान्न (ग) अन्य

९. विद्यालका प्रधानाध्यापक र शिक्षकहरू तपाईंले दिएको निर्देशन मान्छन् ?

(क) मान्छन् (ख) अलिअलि मान्छन् (ग) मान्दैनन् (घ) अन्य

१०. विद्यालय व्यवस्थापन समितिको आवश्यकता रहेको छ ?

(क) छ (ख) छैन

११. छैन भने विद्यालय व्यवस्थापन समितिको सट्टामा कस्तो संयन्त्र आवश्यक भएको महशुस गर्नु भएको छ ?

१२. विद्यालयको शैक्षिक विकासका लागि व्यवस्थापन समितिले गर्नुपर्ने कार्यहरू के-के हुन सक्छन् ?

१३. विद्यालय व्यवस्थापन समितिले गरेका नराम्रा कार्यहरू के के हुन् ?

१४ तपाईंको कार्यकालमा विद्यालय व्यवस्थापन समितिले गरेका उल्लेख्य कार्यहरू के के हुन् ?

१५. विद्यालय व्यवस्थापन समितिले गरेका नराम्रा कार्यहरू के के हुन् ?

१६. विद्यालय शैक्षिक विकासका लागि तपाईंका अन्य केही सुझावहरू छन् कि ?

१७. तपाईं कुनै राजनैतिक पार्टीसँग सम्बन्धित हुनुहुन्छ ?

(क) छ (ख) छैन

१८ विद्यालयलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तपाईंका सुझाव के-के छन् ?

१९. सबै बालबालिकाहरू विद्यालय आउन अभिप्रेरित गर्न के गर्नु पर्ला ?

(क) बैठक (ख) छलफल (ग) उत्साहित (घ) अन्य

२०. कक्षाकोठा केही समस्याहरू छन् ?

२१. समस्या भए कस्ता समस्या छन् ?

२२. विद्यालयका प्रधानाध्यापक शिक्षकहरू बीच अभिभावकको सम्बन्ध कस्तो छ ?

(क) राम्रो) (ख) नराम्रो (ग) साधारण (घ) अन्य

२३. विद्यालयमा प्रशासकीय कार्य सञ्चालन गर्न कस्तो भूमिका खेल्नुपर्छ ?

(क) महत्वपूर्ण (ख) नराम्रो (ग) साधारण (घ) अन्य

२४. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको उपस्थिति कस्तो छ ?

(क) नियमित (ख) बेलाबेला (ग) अन्य

२५. विद्यालय व्यवस्थापन समितिको नाताले तपाईं विद्यालय प्रति कस्तो सोच राख्नु भएको छ ?

(क) सकारात्मक (ख) नकरात्मक (ग) प्रतिक्रियात्मक (घ) अन्य

२६. विद्यालय सुधारका लागि स्थानीय राजनैतिक दलको भूमिका र दलीय सम्बन्ध कस्तो छ ?

२७. विद्यालय व्यवस्थापन समिति छनौट प्रक्रिया कस्तो छ ?

(क) मतदान (ख) सर्वसुलभ (ग) छलफल (घ) अन्य

२८. तपाईंको बिचारमा अभिभावक मध्य अध्यक्ष हुन सबैभन्दा राम्रो व्यक्ति को छ ?

२९. विद्यालय व्यवस्थापन समितिमा पदेन संख्या कति छ ?

(क) २ जना (ख) ३ जना (ग) ४ जना (घ) ५ जना

३० विद्यालय व्यवस्थापन समितिको पदावदि कति वर्षको हुन्छ ?

(क) ३ वर्ष (ख) ४ वर्ष (ग) ५ वर्ष (घ) ६ वर्ष